# संविधानसभा निर्वाचन-२०७०
**Constituent Assembly-2070**

# पर्यवेक्षण पासपोर्ट
## Observation Passport

## राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)
**National Election Observation Committee [NEOC]**

**National Secretariat**
Satoaki Memorial Building, Kupondole-10, Lalitpur, Nepal
GPO Box: 26550, Tel: +977-1-5541502, Fax: 01-5541503;
E-mail: neoc@wlink.com.np, neocnepal1991@gmail.com;
Website: www.neocelection.org

*स्वतन्त्र निष्पक्ष निर्वाचनको अधिकार ।*
*लोकतन्त्र र मानवअधिकारको आधार ॥*

# संविधानसभा निर्वाचन-२०७०
## Constituent Assembly Election-2013

# पर्यवेक्षण पासपोर्ट
# OBSERVATION PASSPORT


## राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)
## National Election Observation Committee (NEOC)
***National Secretariat***
Satoaki Memorial Building, Kupondole-10, Lalitpur, Nepal
GPO Box: 26550, Tel: +977-1-5541502, Fax: 01-5541503;
E-mail: neoc@wlink.com.np, neocnepal1991@gmail.com;
neocelection@gmail.com, website: www.neocelection.org

# पर्यवेक्षण पासपोर्ट


| | | |
|---|---|---|
| लेखन-सम्पादन | : | डा. गोपाल कृष्ण सिवाकोटी |
| सह-लेखन सम्पादन | : | भवानी प्रसाद खरेल<br>शोभाकर बुढाथोकी<br>नवराज बस्नेत |
| विशेष योगदान | : | कृष्ण प्रसाद सुवेदी<br>बिनोद कुमार विश्वकर्मा<br>बिकल श्रेष्ठ<br>दीपिका नाइडू<br>स्नेहा पौडेल<br>गीता बिष्ट<br>रामकृष्ण काफ्ले |
| विशेष सहयोग | : | बिन्दा नेपाली/करुणा खरेल<br>यज्ञ खत्री, रजनी कुँवर<br>अजय फुँयाल, पार्वती पौडेल |
| प्रकाशक | : | नियोक |
| प्रकाशित मिति | : | कार्तिक २०७० |
| प्रकाशित प्रति | : | १५,०००।- |
| सर्वाधिकार | : | नियोक मा सुरक्षित |
| सहयोग | : | यूरोपियन युनियन |
| ले आउट/डिजाइन | : | भिम प्रसाद न्यौपाने “दिपेश” |
| मुद्रण | : | गङ्गा जमुना प्रेस प्रा.लि.,<br>फोन: ०१-४३८६९३४ |

# पर्यवेक्षण पासपोर्टका सम्बन्धमा



२०७० मंसिर ४ गते सम्पन्न हुने संविधानसभाको निर्वाचन नजिकिँदै आएको सन्दर्भमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिद्वारा मुलुकभर पर्यवेक्षण कार्यक्रम सम्पन्न गर्न र नागरिकमा मतदान गर्ने आफ्नो अधिकार सशक्तरुपले प्रयोग गर्नपाउने वातावरणको सिर्जना गर्ने दृष्टिकोणले पर्यवेक्षण पासपोर्टको नयाँ सस्करण प्रकाशन गरिएको छ । निर्वाचनको स्वतन्त्रताको क्रममा विश्वका अनुभवहरु, निर्वाचन प्रणाली, अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्ड लगायत निर्वाचन आचारसंहितालाई समेत समावेश गरी निर्वाचन पर्यवेक्षकहरुलाई विश्वसनीय बनाउन यो दस्तावेज सहायक सिद्ध हुनेमा नियोक विश्वस्त छ । निर्वाचन पर्यवेक्षकहरु स्वयम्मा स्वतन्त्र, निष्पक्ष तथा योग्य र जानकार भएमा मात्र निर्वाचन पर्यवेक्षण जस्तो संवेदनशिल एवं महत्वपूर्ण अभियानलाई प्रभावकारी बनाउन सकिने कुरा स्वतः सिद्ध छ । निर्वाचन पर्यवेक्षणमा खटिने सम्पूर्ण पर्यवेक्षकहरुले यो दस्तावेजको पूर्ण अध्ययन र उपयोग गर्न नियोक विशेष अनुरोध गर्दछ ।

धन्यवाद ।

सूर्यप्रसाद श्रेष्ठ
अध्यक्ष
राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)

# विषय-सूची


पर्यवेक्षण पासपोर्टका सम्बन्धमा

- निर्वाचन पर्यवेक्षणको आवश्यकता र अवधारणा
- निर्वाचनको स्वतन्त्रता र नियोक अभियान
- मानव अधिकार र  निर्वाचनको स्वतन्त्रता र अन्तर्राष्ट्रिय व्यवस्था
- निर्वाचन पर्यवेक्षण निर्वाचनपूर्व समग्र स्थितिको मूल्याङ्कन
- निर्वाचन पर्यवेक्षणः पूर्व तयारी र तत्परता
- निर्वाचन पर्यवेक्षण
- निर्वाचन आचारसंहिता
- निर्वाचन पर्यवेक्षण आचारसंहिता
- नियोकको निर्वाचन पर्यवेक्षण आचारसंहिता
- राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति(नियोक) का प्रतिनिधि तथा सदस्यहरूको आचारसंहिता-२०७०
- संविधानसभाः निर्वाचन प्रणाली र प्रक्रिया
- राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति(नियोक) मतदान केन्द्र अनुगमन नमुना फारम
- मतदान केन्द्र अनुगमन फारम भर्ने विधि
- सन्दर्भ सामग्रीहरू
- नियोक केन्द्रीय कार्यसमिति
- नियोक केन्द्रीय सचिवालय/स्वयंसेवक

# निर्वाचन पर्यवेक्षणको आवश्यकता र अवधारणा

लोकतान्त्रिक राजनीतिक पद्धतिलाई स्थापित गर्ने आधारशीलाका रूपमा रहेको निर्वाचन पद्धति र प्रक्रियाको पर्यवेक्षण गरिनु अत्यन्तै महत्वपूर्ण कार्य हो । निर्वाचनको पर्यवेक्षणले लोकतन्त्रलाई मजबूत मात्र पार्दैन, अन्तर्राष्ट्रिय मान्यता र वैद्यतासमेत दिलाउँछ । शान्तिपूर्ण निर्वाचनले विगतका राजनीतिक तिक्ततालाई समेत मेलमिलापमा रूपान्तरण गर्न सहयोग पुऱ्याउँछ । यद्यपि, क्रमशः हिंसात्मक द्वन्द्वबाट शान्तिपूर्ण रूपान्तरणमा संक्रमण हुन लागेको नेपाल जस्तो मुलुकका लागि न्यून भौतिक सुविधा र अनिश्चित राजनीतिक वातावरणका बीच शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्नु त्यति सजिलो भने छैन । सुरक्षाको खस्कँदो स्थितिको निरन्तरताले भयरहित, स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न हुन्छ भन्ने कुरामा आम नागरिक अझै पुर्णरुपमा विश्वस्त हुन सकेका छैनन् । आसन्न संविधानसभा निर्वाचन भयको छाँयाबाट मुक्त हुन नसकिरहेको यस परिवेशमा निर्वाचन पर्यवेक्षकहरूको स्थलगत उपस्थितिले सम्भाव्य अनियमितता रोकिने र राजनीतिक दल र उम्मेदवारहरूलाई निर्वाचन स्वतन्त्र र धाँधलीरहित हुन्छ भन्नेमा व्यापक भरोसा मिल्ने पक्का छ । निर्वाचनको स्वतन्त्रता कायम गर्ने अभियानका मूल प्रणेतामध्ये तटस्थ, निष्पक्ष र व्यावसायिक दक्षता प्राप्त निर्वाचन पर्यवेक्षकहरू पनि हुन् ।

# निर्वाचनको स्वतन्त्रता र नियोक अभियान

नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूसमेतको उपस्थितिमा निर्वाचन पर्यवेक्षण गरेको इतिहास त्यति छोटो छैन । राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) को संयोजकत्वमा सर्वप्रथम २०४८ सालको प्रथम आमनिर्वाचनमा ९२ अन्तर्राष्ट्रिय र ३,००० भन्दा बढी राष्ट्रिय पर्यवेक्षकले निर्वाचन प्रक्रियाको पर्यवेक्षण गरेका थिए । त्यसभन्दा अघि जनमत संग्रहपश्चात् पञ्चायतकालीन निर्वाचनको पर्यवेक्षण गर्न निर्वाचन पर्यवेक्षण नागरिक समितिको गठन गरी पञ्चायकालीन निर्वाचनकोसमेत पर्यवेक्षण गरिएको थियो । २०५१ को मध्यावधि निर्वाचनमा नियोकले १६५ विदेशी र ५,००० भन्दा बढी स्वदेशी पर्यवेक्षक परिचालन गरी निर्वाचन पर्यवेक्षण सम्पन्न गरेको थियो । त्यसैगरी, दुई चरणमा सम्पन्न २०५६ को आमनिर्वाचनमा नियोकले ८५ अन्तर्राष्ट्रिय र ६,००० भन्दा बढी स्वदेशी पर्यवेक्षकबाट पर्यवेक्षण सम्पन्न गरेको थियो । २०५९ को आमनिर्वाचनको घोषणासँगै नियोकको पुनर्गठन गरिएता पनि राजतन्त्रको अवाञ्छित हस्तक्षेप र अत्यन्तै विषम राजनीतिक परिस्थितिका कारण घोषित मितिमा आम निर्वाचन हुन सकेन । २०६४ सालमा सम्पन्न संविधानसभा चुनावमा नियोकद्वारा करिब १२,००० पर्यवेक्षक तथा सोही संख्यामा स्वयंसेवक एवं करिब चार दर्जनको संख्यामा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको संयोजन र परिचालन गरी सशक्त व्यापक एवं प्रभावकारी रूपमा पर्यवेक्षण गरिएको थियो । आसन्न संविधानसभा

निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र तटस्थरूपले सम्पन्न गराउन राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका सदस्यहरू समेतसँग देशका विभिन्न भागमा चरणबद्ध छलफल र विचार विमर्श जारी राखेको छ । संविधानसभा निर्वाचनलाई भयरहीत एवं पारदर्शी बनाउन तथा संविधान सभा सम्बन्धी जनचेतना अभिबृद्धि गर्न निर्वाचन शिक्षाको माध्यमबाट मुलुकभर विभिन्न कार्यक्रम संचालन गरिँदै छ ।

आसन्न संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्नु चुनौती र अवसर बीचको अत्यन्तै ठूलो कार्य हुनेछ । नियोकलाई यस प्रकृतिको निर्वाचन पर्यवेक्षणको अनुभव प्राप्त भइसकेको छ यद्यपी सामान्यतः आवधिक रूपमा हुने संसद्रीय निर्वाचन जस्तो यो निर्वाचन अवश्य पनि  होइन । काम र कार्यविधिका हिसाबले समेत यसका लागि कठोर अभ्यास एवं लगातारको समर्पण चाहिने स्पष्ट छ । नयाँ नियम-कानुन, निर्देशिका तथा निर्वाचन प्रणाली र प्रविधिलाई मतदाता समक्ष सरलीकृतढंगले प्रस्तुत गर्न थप कसरत गर्नु परेको छ । यसकोनिम्ति नियोकले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यवेक्षण समूहहरूसँग समन्वयकारी भूमिका समेत खेलिरहेको छ ।

नियोकले निर्वाचन आयोग, राजनीतिक दलहरू, सरकार, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायले समेत निर्वाचनको पूर्व तयारीमा निभाइरहेको भूमिकालाईसमेत पर्यवेक्षणको दायरामा राखेको छ । खास गरेर मतदाता नामावली दर्ता र नागरिकता राजनीतिक पार्टीहरूले निर्वाचन कार्यक्रमका क्रममा जारी गरिने

घोषणापत्र, उम्मेदवार छनौट, उम्मेदवारी दर्ता, ऐन कानून निर्वाचनमा गर्ने खर्च, निर्वाचन प्रचार अभियानमा गरिने व्यवहार तथा मतदातालाई  सुसूचित पार्न गरिएका कार्यको समेत अत्यन्त नजिकबाट पर्यवेक्षण गरिरहेको छ। निर्वाचन पर्यवेक्षण जस्तो महत्वपूर्ण कार्य एक्लै सम्भव हुँदैन। त्यसैले यस्तो गहन कार्य सम्पादन गर्न नागरिक समाजबाट प्रशस्त समूहहरू तयार हुन सक्दछन् र आफ्नो तर्फबाट स्वतन्त्र रूपमा पर्यवेक्षण गर्न सक्दछन्। यस भगिरथ कार्यलाई राजनीतिकरण गरिनु हुँदैन, राजनीतिक दृष्टिकोणबाट हेरिनु हुँदैन भन्ने नियोकको मान्यता छ। पर्यवेक्षकहरूको स्वतन्त्रता, व्यावसायिक दक्षता र तटस्थता कायम हुनु पर्छ भन्ने नियोकको स्पष्ट धारणा रहेको छ।

# मानव अधिकार र निर्वाचनको स्वतन्त्रता अन्तर्राष्ट्रिय व्यवस्था

## मानवअधिकारको विश्वव्यापी घोषणापत्र-१९४८

### *धारा २*

जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै पनि भेद नगरी प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ। यसका साथै

कुनै पनि व्यक्ति रहेको देश अथवा इलाकाको राजनीतिक अधिकारक्षेत्र अन्तर्गत अथवा अन्तर्राष्ट्रिय अधिस्थानका आधारमा कुनै भेद गरिने छैन चाहे ती स्वतन्त्र, संरक्षित, अस्वशासनगत अथवा सार्वभौमिकत्वमा अन्य कुनै सीमाङ्कन भएका किन नहुन् ।

### *धारा २१*

१. प्रत्येक व्यक्तिलाई प्रत्यक्ष अथवा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधिमार्फत आफ्नो देशको सरकारमा भाग लिने अधिकार छ ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्ने समान अधिकार छ ।

३. सरकारको आधिकारिकताको आधार जनताको इच्छा हुनेछ, जुन इच्छा सर्वव्यापी एवम् समान अधिकारद्वारा हुने आवधिक तथा वास्तविक निर्वाचनद्वारा अभिव्यक्त गरिनेछ र निर्वाचन गोप्य मतदान प्रक्रियाद्वारा सम्पन्न हुनेछ ।

## **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि- १९६६**

### *धारा २*

१. आफ्ना इलाका तथा अधिकारक्षेत्र भित्रका सम्पूर्ण व्यक्तिलाई जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक अथवा अन्य विचार, राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै प्रकारको भेद

नगरी यस अनुबन्ध लागुगर्ने प्रत्येक राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

२. विद्यमान व्यवस्थापिकात्मक अथवा अन्य उपायले व्यवस्था नगरेका ठाउँमा आफ्ना संवैधानिक प्रक्रिया तथा यस अनुबन्धमा स्वीकार गरिएका अधिकारलाई प्रभावयुक्त आवश्यक व्यवस्थापिकात्मक अथवा अन्य उपाय ग्रहण गर्न उचित पाइला सार्न यस अनुबन्धका प्रत्येक राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

३. यस अनुबन्ध अर्न्तगत प्रत्येक राज्यपक्ष निम्न कुरा गर्न प्रतिज्ञा गर्दछन् :

(क) आधिकारिक क्षमता कार्य गर्ने व्यक्तिबाटै उल्लङ्घन भएतापनि यसभित्र स्वीकृत गरिएका अधिकार एवम् स्वतन्त्रता उल्लङ्घन भएका कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउनेछन् भनि सुनिश्चित गर्ने ।

(ख) यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको अधिकार सक्षम न्यायिक, प्रशासनिक अथवा व्यवस्थापिकात्मक अधिकारीहरूद्वारा निर्धारित गर्न सुनिश्चित गर्ने तथा न्यायिक उपचारका सम्भावनाहरू विकसित गर्ने ।

(ग) सक्षम अधिकारीले यस्ता उपचार प्रदान गरिएपछि लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

*धारा २५*

धारा २ मा उल्लेख गरिएका कुनै पनि फरक तथा अनुचित नियन्त्रणबिना प्रत्येक नागरिकलाई निम्न कुराको अधिकार तथा अवसर प्राप्त हुनेछ :

(क) प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने,

(ख) सर्वव्यापी तथा समान मतदान एवम् गोप्यताबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गरिएको शुद्ध आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने,

(ग) समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने ।

**सबै प्रकारका जातीय भेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि-१९६५**

यस महासन्धिको धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्वअनुरूप सबै प्रकारका जातीय भेदहरूलाई निषेध र निर्मूलन गर्न र जाती, रङ्ग वा राष्ट्रिय वा साम्प्रदायिक उत्पत्तिजस्ता भेदबिना प्रत्येक व्यक्तिको कानुनसमक्ष समानताको अधिकारलाई सुनिश्चितता प्रदान गर्न अधिकारको राज्यपक्षहरू प्रतिज्ञा गर्दछन् ।

त्यसैगरी महासन्धिको धारा २ (ग) अन्तर्गत सर्वव्यापी र समान मतदानका आधारमा मतदान गर्न र चुनावमा उठ्न, सरकारमा भाग लिनका साथै जुनसुकै तहको सरकारी कार्यको सञ्चालनमा भाग लिन र सरकारी सेवामा समान पहुँच हुनका लागि राजनीतिक अधिकार खासगरी चुनावमा सहभागी हुने अधिकार ।

## महिलाविरूद्धका सबै प्रकारका विभेद उन्मूलन सम्वन्धी महासन्धि-१९७९ *धारा ७*

राज्यपक्षहरूले देहायका राजनीतिक सार्वजनिक जीवनमा नारीविरूद्धको भेद निर्मूलन गर्न सबै उचित उपायहरू अपनाउनेछन् र खासगरी पुरूषसँगको समान शर्तमा नारीका निम्ति अधिकार सुनिश्चित गर्नेछन् :

क) सबै निर्वाचन र सार्वजनिक जनमतमा मतदान गर्ने र सार्वजनिकरूपले चुनिने निकायमा निर्वाचनका लागि योग्य मानिने,

ख) सरकारी नीतिको तर्जुमा र यसको कार्यान्वयनमा सहभागी हुने र सरकारी पद सम्हाल्ने तथा सरकारको सबै तहका सार्वजनिक कार्य सम्पन्न गर्ने,

## महिलाका राजनीतिक अधिकारसम्बन्धी महासन्धि

*धारा १*

कुनै भेदबिना पुरूष सरह महिलाले सम्पूर्ण निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

*धारा २*

राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिकरूपले निर्वाचित सम्पूर्ण निकायहरूमा कुनै भेदबिना पुरूष सरह महिला निर्वाचित हुन योग्य छन् ।

*धारा ३*

महिलाहरूले पुरूषसरह कुनै भेदबिना राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक पद ग्रहण गर्न तथा सम्पूर्ण सार्वजनिक कार्यहरू गर्न सक्नेछन् ।

## अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी-२००६

*धारा २१*

अपाङ्गतामा रहेका प्रत्येक व्यक्तिलाई राज्यद्वारा अभिव्यक्तिको स्वतन्त्रता लगायत सूचना आदान-प्रदान र प्रसारण गर्ने एवं आफुले इच्छ्याएको सबै प्रकारका माध्यमबाट अरुसँग समानताका आधारमा विचारको प्रवाह गर्ने अधिकार सुनिश्चित गरिनु पर्दछ ।

*धारा २२*
अपाङ्गतामा रहेका कुनै पनि व्यक्तिहरुको निजी गोपनियता, परिवार, घर, सञ्चार एवं सम्मान र प्रतिष्ठामा आँच आउने गतिविधिहरुमा रोक लगाइनु पर्दछ ।

*धारा २९*
अपाङ्गतामा रहेका प्रत्येक व्यक्तिहरुलाई राज्यद्वारा अरुसँगसँगै राजनीतिक अधिकार प्रदान गरी प्रत्यक्ष वा समानुपातिक रुपमा निर्वाचित प्रतिनिधि मार्फत तिनीहरुको अभ्यास गर्ने समान अवसर लगायत मतदान गर्ने र उम्मेद्वार हुने अधिकार मार्फत राजनीतिक जीवनमा सहभागिता सुनिश्चित गरिनु पर्दछ ।

# निर्वाचन पर्यवेक्षण
# निर्वाचनपूर्वको समग्र स्थिति मूल्याङ्कन

## १. आधारभूत व्यवस्था

निर्वाचन सम्पन्न गर्नुपर्दाको सम्पूर्ण पृष्ठभूमिहरूको अवस्थामा अध्ययन गरिनुपर्दछ भने आसन्न संविधानसभा निर्वाचनमा कुन प्रकारको राजनीतिक एवम् समसामयिक पृष्ठभूमिमा सम्पन्न हुन लागेको त्यसको समेत सूक्ष्म विश्लेषण गरिनु स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि लाभदायक हुन्छ ।

## २. स्वतन्त्र निर्वाचन

(क) **विचारको स्वतन्त्रता :** निर्वाचनको सम्पूर्ण प्रक्रियामा आम नागरिकलाई आफ्ना विचार राख्ने स्वतन्त्रता प्रत्याभूत गरिनुपर्दछ। तर आफ्ना विचार राख्ने क्रममा अन्य व्यक्तिको मानवअधिकारका आधारभूत मान्यतामाथि नकारात्मक असर पर्ने कुनै पनि अभिव्यक्ति राख्न पाइँदैन। अरुमाथि घृणा फैलाउने बिचारको सम्प्रेषणमाथि प्रतिवन्ध लगाउनु पर्छ।

(ख) **अभिव्यक्ति र सूचनाको स्वतन्त्रता:** लोकतन्त्रका आधारभूत मूल्य तथा मान्यताअनुरूप निर्वाचनलगायत अन्य कुनै पनि मामिलाका सम्बन्धमा सूचना तथा जानकारी प्राप्त गर्ने एवम् उपभोग गर्ने अधिकार सुनिश्चित हुनुपर्दछ। जाति, धर्म, सम्प्रदाय, लिङ्ग वा अन्य आर्थिक-सामाजिक हैसियतका आधारमा नकारात्मक असर पर्ने तथा हिंसा भड्काउने विचार अभिव्यक्तिमाथि रोक लगाइनुपर्दछ। तर कसैले विचार अभिव्यक्ति गर्दा राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, कानुनी शासन र सामाजिक सुरक्षामा प्रभावित नपारेसम्म विचार तथा अभिव्यक्तिको स्वतन्त्रमा अङ्कुश लगाउन पाइँदैन।

(ग) **सभा-सम्मेलनको स्वतन्त्रता:** निर्वाचनमा आफ्ना विचार अभिव्यक्त गर्नका निमित्त कुनै बाधा अड्चनबिना शान्तिपूर्ण रुपमा सभा र सम्मेलन गर्न पाउनुपर्दछ। यसका निमित्त सरकारले

आवश्यक प्रबन्धका साथै त्यसमाथि आइपर्ने बाधा, अड्चन निरूपण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

(घ) **सङ्गठनको स्वतन्त्रताः** अभिव्यक्त स्वतन्त्रता र सभा-सम्मेलनका निमित्त सङ्गठन गर्न पाउने अधिकारलाई पूर्णरूपमा मान्यता दिनुपर्दछ भने यस सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डका आधारहरू पहिचान गरी निर्वाचनका लागि सहज वातावरण तयार गरिनुपर्दछ ।

(ङ) **स्वतन्त्र न्यायपालिका :** गैरकानुनी क्रियाकलापहरूलाई रोक्न तथा आम नागरिकहरूलाई समयमा न्याय प्रदान गर्नका लागि स्वतन्त्र, निष्पक्ष तथा पहुँचयोग्य न्यायपालिका अदालत तथा न्यायिक निकायहरुको न्यायिक विवाद निरुपण गर्त समेत स्वतन्त्र एवं दक्ष न्यायिक संरचना स्थापना गरिनु पर्दछ ।

(च) **मतपत्र र गोप्य मतदान :** समग्रमा निर्वाचन प्रक्रियामा पारदर्शि रहनुपर्ने मान्यता भए तापनि निर्वाचनमा मतपत्र र मतदान गर्ने प्रक्रियालाई पूर्णरूपमा गोप्य राख्ने व्यवस्था गर्नुपर्दछ र सो कार्यलाई आमनागरिकसमक्ष विश्वसनीय बनाउनुपर्दछ । यसका निमित्त सरकारले आवश्यक सुरक्षा व्यवस्था मिलाउनुपर्दछ ।

# निष्पक्ष निर्वाचन

क) **समानता र वालिग मताधिकार :** मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध-१९६६ बमोजिम वालिग मताधिकारका लागि उमेर पुगेका (नेपालको हकमा १८ वर्ष) प्रत्येक नागरिकले निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था छ। एक जनामात्र व्यक्ति पनि आफूले चाहेको व्यक्ति वा राजनीतिक दललाई मत दिनबाट वञ्चित हुन गएमा त्यस्तो निर्वाचन प्रक्रिया लोकतान्त्रिक पद्धतिमा निष्पक्ष नभएको मान्नुपर्ने हुन्छ जसलाई सङ्ख्यात्मक नभई प्रवृत्तिगतरूपमा विश्लेषण गरिनुपर्दछ।

ख) **एक व्यक्ति-एक मत :** एक योग्य व्यक्तिले एक पटकमा सोही पदमा हुने निर्वाचनमा एक मत मात्र दिनसक्ने वातावरण खडा गर्नुपर्दछ, तर कुनै व्यक्तिले एक पटकभन्दा बढी र अर्काको नाममा समेत मत दिनसक्ने परिस्थिति देखापरेमा निर्वाचन प्रक्रिया धाँधलीयुक्त ठहर्छ। फोटो सहितको मतदाता परिचयपत्रको माध्यमबाट दोहोरो-तेहोरो मतदान रोक्न सजिलो ठहरिन्छ।

## निर्वाचन अवधि र समय निर्धारण

क) **निर्वाचन अवधि :** निर्वाचन अवधिका सम्बन्धमा कुनै निश्चित अन्तर्राष्ट्रिय मापदण्ड नभए पनि राष्ट्रिय कानुनबाट निर्धारण गरिएको समयमा हुनुपर्दछ। जनताहरू निर्वाचनको पक्षमा

नभएको अवस्थामा त्यसका निमित्त ठोस आधारहरू छन् भने आफ्नो पदावधि नै पूरा नगरिकन अर्को निर्वाचन गर्नुपर्ने स्थिति खडा भएमा वा गरिएमा त्यसको स्पष्ट कारण र चित्तबुझ्दो जवाफ जनतालाई दिनुपर्ने हुन्छ। विशेष परिस्थितिमा बाहेक तोकिएको अन्तराल र अवधिमा चुनाव हुने परिपाटी निर्माण हुन सकेमा मात्र लोकतान्त्रिक पद्धति संस्थागत बन्न सक्छ।

ख) **निर्वाचनको स्थगन :** निर्वाचनको मिति घोषणा भइसकेपछि विभिन्न बहानामा रोक्नु वा सार्नुले निर्वाचनको निष्पक्षतामाथि शङ्का गर्ने ठाउँ रहन्छ। विशेष परिस्थितिवश रोक्नु वा सार्नु परेको हो भने त्यस्तो परिस्थिति तथा कारणहरू आम नागरिकहरूलाई पारदर्शी र विश्वासयोग्य ढङ्गले सार्वजनिक गरिनुपर्दछ। निर्वाचनको स्थगन संवैधानिक वा कानुनसम्मत हुनुपर्दछ। हचुवाका भरमा वा कुनै विशेष आधारबिना निर्वाचन रोक्ने वा सार्ने कार्य गैरकानुनी तथा अलोकतान्त्रिक मानिन्छ।

ग) **निर्वाचन कार्यक्रम :** निर्वाचनको मिति घोषणा गर्दा वा कार्यक्रम बनाउँदा निर्वाचनमा सबैलाई सक्रियरूपमा सहभागी हुने पर्याप्त समय उपलब्ध गराइएको हुनुपर्दछ। यसका निमित्त देशका राजनीतिक शक्तिहरूलगायत अन्य सम्बन्धित निकायहरूसँग निर्वाचनको मिति घोषणापूर्व परामर्श गर्नु अपरिहार्य छ। अन्यथा विपक्षीलाई आपत्ति वा अप्ठ्यारो परेको समयमा सरकारमा बस्ने

वा सत्तासीन पार्टीले बिनापर्याप्त सूचना निर्वाचन गर्ने दूराशायी प्रवृत्तिले स्थान पाउन थाल्दछ र लोकतन्त्रका नाममा निरङ्कुशता मौलाउने खतरा हुन्छ ।

## निर्वाचनसम्बन्धी कानुन तथा नियमहरू :

क) **निर्वाचन प्रशासन :** निर्वाचन स्वतन्त्र तथा निष्पक्षरूपमा सम्पन्न हुनुपर्दछ भन्ने सर्वव्यापी मान्यता हो । निर्वाचनमा संलग्न हुने कर्मचारीहरू सक्षम तथा लोकतान्त्रिक प्रवृत्तिका हुनुपर्दछ । प्रशासनले पक्षपातविहीन भूमिका निर्वाह गर्नुपर्दछ ।

ख) **निर्वाचन क्षेत्रको निर्धारण :** निर्वाचन क्षेत्रको निर्धारण निर्वाचनको तिथि तोकिनुभन्दा पहिले वा प्रचलित कानुनको आधारमा भूगोल र जनसंख्या र अन्य आयामहरुलाई मध्ये नजर गरी न्यायपूर्ण र बैज्ञानिक ढंगबाट निर्धारण गरी सार्वजनिक गरिएको हुनुपर्दछ । यो प्रक्रिया केवल यान्त्रिक हुनुहुँदैन ।

ग) **मतदाता दर्ता र सूची :** मतदाताहरूको नाम दर्ता गर्ने र सूची तयार गरी सबैलाई पायक पर्ने सार्वजनिक स्थानमा प्रकाशित गर्नुपर्दछ । नामावली दर्ता र सूची प्रकाशनसम्बन्धी सूचना सर्वसाधारण नागरिकहरूलाई समयमा नै जानकारी गराइनुपर्दछ । औपचारिकता लागि सबैले नाम दर्ता गर्नुपर्ने वा सूची प्रकाशित गरिएको सूचना आम संचार माध्यम वा पत्रिकामा सम्प्रेषण गरेर

मात्र पुग्दैन । जतिसक्दो बढी सङ्ख्या र ठाउँमा मतदातासूची तयार गर्ने तथा आवश्यक संशोधनका निमित्त पर्याप्त समय दिएर सूची प्रकाशित गर्नुपर्दछ । लोकतान्त्रिक निर्वाचन प्रक्रियामा सबैलाई राजनीतिक प्रक्रियामा सहभागी गराउन नसकिएमा स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका मापदण्ड पूरा नभएको ठहर्छ ।

घ) **उम्मेदवारको छनौट :** उम्मेदवारको छनौट गर्ने प्रक्रिया स्वयम्मा पारदर्शि र लोकतान्त्रिक हुनुपर्दछ । पहुँच र सामर्थ्यका आधारमा मात्र उम्मेदवार हुने तथा कतिपय अवस्थामा अनुचित प्रभावका आधारमासमेत आफूभन्दा योग्य र सक्षम व्यक्तिहरूलाई उम्मेदवार हुन पाउने इच्छाबाट वञ्चित गर्ने कार्य लोकतान्त्रिक पद्धतिमा अस्वीकार्य हुन्छ । उम्मेदवारहरू नै लोकतान्त्रिक नभएमा उनीहरू निर्वाचनका मैदानमा एकाएक लोकतान्त्रिक हुन नसक्ने भएकाले लोकतान्त्रिक पद्धतिलाई स्वीकार गर्ने तथा समृद्ध बनाउने कार्यमा सक्रिय रहने व्यक्तिहरूलाई मात्र उम्मेदवार बनाइनुपर्दछ ।

ङ) **मतदान र परिणाम :** मतदानको दिन शान्ति सुरक्षाको उचित व्यवस्था मिलाउनु पर्दछ । मतदान र मतगणनाका समयमा आवश्यक सम्पूर्ण सामग्रीहरूको तयारी समयमा गरिनुपर्दछ । मतदान एवम् मतगणनाको समयमा कुनै सामग्री छुटेमा वा अपुग भएमा तत्काल त्यसको आपूर्ति गर्न कठीन हुने भएकाले सम्पूर्ण व्यवस्था समयमा नै गरिनुपर्दछ ।

च) **उजुरी, निवेदन र पुनरावेदन :** निर्वाचन न्याय निर्वाचन प्रक्रियाको अभिन्न अंग हो । निर्वाचनसम्बन्धी कुनै कार्यमा चित्त नबुझेमा पायक पर्ने ठाउँमा बिनाकुनै बाधा-अडचन उजुरी वा निवेदन दिने तथा त्यस्तो उजुरी वा निवेदनमाथि भएको कारवाहीमा चित्त नबुझेमा पुनरावेदन दिने स्पष्ट कानुनी व्यवस्था हुनुपर्दछ ।

छ) **मानवअधिकारको सम्मान/विधिको शासनको पालना :** निर्वाचन हुनुभन्दा पहिलेको वातावरण मानवअधिकारका दृष्टिले सन्तोषजनक स्थिति हुनुपर्दछ। मानवअधिकार उल्लङ्घनका घटनामा पहिलेभन्दा कमी आएको, त्यस्तो उल्लङ्घन गर्ने कार्यमा संलग्न हुनेहरूमाथि कारवाही चलाएको तथा उचित न्यायिक सजाँय दिएको र पीडितहरूलाई क्षतिपूर्ति दिएको अवस्था हुनुपर्दछ। जथाभावी गिरफ्तार गर्ने, थुनामा राख्ने, कानुनबमोजिम तोकिएको समयभित्र कारवाही नचलाउने, यातना दिने वा अन्य किसिमका अपमानजनक व्यवहार गर्ने, अभिव्यक्ति र सभा सम्मेलनको स्वतन्त्रतामा बाधा-अड्चन पुऱ्याउनेजस्ता घटनाहरूमाथि कारवाही नभएको अवस्थामा निष्पक्ष निर्वाचन असम्भव हुन्छ। आपराधिक भूमिका भएका व्यक्तिहरुको उम्मेदवारी निरुत्साहित गरिनु पर्छ ।

ज) **अपराध, दण्ड र शान्ति सुरक्षा :** निर्वाचनसँग सम्बन्धित कानुन र नियमपालना नगर्ने र उल्लङ्घन गर्ने कार्यलाई उचित

दण्ड दिई आवश्यक शान्ति र सुरक्षाको व्यवस्था सुनिश्चित गर्नुपर्दछ। अपराध धाँधली र अनियमितामा संलग्न कसैलाई पनि दण्डबाट उन्मुक्ति दिनु हुन्न।

झ) **सञ्चार माध्यम :** मतदातालाई उचित वा अनुचित प्रभाव पार्ने कार्यमा सञ्चार माध्यमको अत्यन्त ठूलो भूमिका हुन्छ। खासगरी सरकारमा आशीन राजनीतिक दल वा व्यक्तिहरूबाट आम सञ्चारका साधनहरू (रेडियो, टेलिभिजन तथा पत्रपत्रिका) आदिको दुरूपयोग हुन नदिने वातावरण बनाउनुपर्दछ। सरकारीस्तरबाट सञ्चालित सञ्चारमाध्यमहरू स्वतन्त्र र निष्पक्ष हुन नसकेमा वा हुन नसक्ने आशङ्का वा प्रमाण भएमा निर्वाचन आचारसंहिता अनुसार स्वतन्त्र राख्ने विशेष व्यवस्था गर्नुपर्दछ। सञ्चारसाधनहरूमा सरकारको एकलौटी नियन्त्रण हुन नदिन र उनीहरूको भूमिका सबैलाई चित्त बुझ्ने किसिमको बनाउनका लागि प्रभावकारी अनुगमन प्रक्रिया निर्धारण गरिनुपर्दछ। सबै राजनीतिक दल वा व्यक्तिलाई समान एवम् हैसियतअनुसार समय उपलब्ध गराउनुपर्दछ।

ञ) **सूचनाको हक र मतदाता प्रशिक्षण:** के-कस्तो वातावरणमा केका लागि को-को, के-कसरी चुनावमा लड्दै छन् तथा कस-कसले, के-कस्ता कार्यक्रमहरू जनसमक्ष ल्याएका छन् भन्ने कुराको यथार्थ सूचना पाउने र सम्पूर्ण निर्वाचन प्रक्रियाका बारेमा

शिक्षित एवम् दीक्षित हुने आम नागरिकका लागि व्यवस्था सरकार वा निर्वाचन आयोगले गरेको हुनुपर्दछ ।

**अन्य सरोकारका सवालहरू**

क) **निर्वाचन अभियान :** निर्वाचन अवधिमा आफ्ना विचार र कार्यक्रमहरूको स्वतन्त्र तथा स्वस्थरूपमा प्रचार-प्रसार गर्ने कार्यमा सहयोग पुऱ्याउनका निमित्त निश्चित नियम र निर्देशन तयार गरिनुपर्दछ भने सम्बन्धित नियम कानुनको पालना कसैबाट नभएमा तत्काले आवश्यक कारवाही चलाउन सक्नुपर्दछ ।

ख) **सरकारी स्रोत तथा साधनको सदुपयोग :** निर्वाचनको समयमा सरकारी स्रोत तथा साधनहरुलाई सरकार, उम्मेदवार र सरकार चलाउने राजनीतिक दलले आफ्नो चुनाव प्रचार-प्रसार र विपक्षी उम्मेदवार वा दलको विरोधमा प्रयोग गर्नु गैरकानुनी ठहरिन्छ । सरकारी स्रोत तथा साधनको दुरूपयोग नियन्त्रण हुन नसकेमा प्रायः सत्तामा आशीन राजनीतिक दल वा व्यक्तिले मात्र निर्वाचन जित्ने अवस्था आउनसक्छ, जुन अन्ततोगत्वा लोकतन्त्रको सम्बर्द्धनका पक्षमा हुन सक्तैन ।

ग) **खर्चको सीमा, स्रोत तथा विवरण :** निर्वाचनका समयमा खर्च गर्न पाउने धनराशीको उचित सीमा नतोकिएमा, प्राप्त धनराशीको स्रोत नखुलाइएमा र त्यसको जानकारी जनतामा नभएमा निर्वाचन प्रक्रिया नकारात्मक रूपमा प्रभावित हुनजान्छ ।

तोकिएको सीमाभन्दा बढी खर्च भएको अवस्थामा सो को छानबिन नभएमा त्यस्तो निर्वाचनको निष्पक्षतामा प्रश्न उठ्दछ। यस्तो निर्वाचनबाट विकसित हुने लोकतन्त्रको स्वरूप तथा भविष्य आर्थिक तथा भौतिकरूपले सम्पन्न व्यक्ति वा राजनीतिक दल मात्र सीमित रहने अवस्था आइपर्छ। सीमान्तीकृत समुदायलाई पहिलो प्राथमिकता दिई निर्वाचन प्रक्रियामा संलग्न गराउने लोकतन्त्रको मुख्य उद्देश्यमाथि तुषारापात हुनजान्छ।

घ) **निर्वाचन आचारसंहिताको पालना :** स्वतन्त्र, निष्पक्ष र भरपर्दो निर्वाचनको मूलआधार भनेको सरकार, राजनीतिक पार्टी, उम्मेदवार सञ्चार माध्यम सुरक्षा निकाय तथा मतदाता सबैले निर्वाचन आचारसंहिताको पूर्ण पालना र कार्यान्वयन गर्नु हो। निर्वाचनका निमित्त सरकार तथा राजनीतिक दलहरूको मञ्जुरीमा आयोगबाट जारी भएको आचारसंहिताको अक्षरशः पालना हुने वातावरण तयार गर्नु सम्बन्धित सबैको दायित्व हुने गर्दछ। निर्वाचन आचारसंहिताको पालना भए वा नभएको हेर्नु र उल्लङ्घन भएका कुराहरूको लगत राख्नु पर्दछ।

ङ) **कर्मचारीको नियुक्ति, सरूवा र बढुवामा रोक :** विशेषतः निर्वाचनको मिति घोषणाभएदेखि निर्वाचन सम्पन्न नभएसम्म निर्वाचन कार्यको प्रयोजनका लागि निर्वाचन आयोगले चाहेमा र मागेमा बाहेक कर्मचारीहरूको नियुक्ति, सरूवा र बढुवा गर्न वा सरकारी वा अर्ध-सरकारी सेवामा रहेका कसैलाई कुनै पनि बहानामा खटन-पटन गर्न मिल्दैन।

च) **समग्र राजनीतिक वातावरण र सुरक्षाको व्यवस्था :** निर्वाचनपूर्वको समग्र राजनीतिक स्थिति र सुरक्षाको व्यवस्था सबैलाई चित्त बुझ्ने र विश्वासिलो हुनुपर्दछ । आवश्यक तयारीको अभावमा निर्वाचन सम्पन्न गर्ने कार्य औपचारिकता र हिंसामा परिणत हुनसक्छ । लोकतान्त्रिक निर्वाचनका आधारभूत मापदण्ड तय गरेर मात्र विश्वसनीय निर्वाचन सम्पन्न गर्न सकिन्छ ।

छ) **निर्वाचन पद्धतिअनुसार जनसहभागिता :** कुनै पनि निर्वाचन पद्धति र लोकतान्त्रिक प्रक्रियाको सफलता वा असफलता जनताले आफ्नो इच्छाअनुसार मतदान प्रक्रियामा भाग लिएको सङ्ख्यामा निर्भर गर्दछ । कुल मतदाता सङ्ख्याको न्यून भागमात्र निर्वाचनमा सहभागी हुन गएमा त्यसले लोकतन्त्रलाई मजबुत पार्न सक्दैन । तसर्थ, जनताको व्यापक राजनीतिक सहभागितालाई विशेष प्राथमिकता दिनु वा प्रोत्साहित गर्नु निर्वाचन प्रक्रियामा संलग्न सबैको साझा कर्तव्य हुन जान्छ ।

# निर्वाचन पर्यवेक्षण: पूर्व तयारी र तत्परता

## १. निर्वाचन पर्यवक्षकहरूको तयारी

निर्वाचन प्रक्रियालाई विश्वसनीय तथा निष्पक्ष बनाउने र पर्यवेक्षणका क्रममा आवश्यक हुने महत्त्वपूर्ण पक्षहरूमाथि पर्यवेक्षकहरू निर्वाचनका समयमा अपनाउनुपर्ने प्रभावकारी उपायका सम्बन्धमा जानकार हुनुपर्ने हुन्छ। निर्वाचन पर्यवेक्षणको तयारीको क्रममा मूलत: निम्न लिखित पक्षहरूमा ध्यान दिनुपर्दछ :

क) **सङ्गठनात्मक ढाँचा** : निर्वाचन पर्यवक्षण कार्यमा एकरूपता तथा प्रभावकारिता ल्याउन यससम्बन्धी विधि तथा तरिकाहरू निर्क्यौल गरिनुपर्दछ। निर्वाचन पर्यवेक्षणका लागि केन्द्रदेखि मतदानकेन्द्रसम्मका जिम्मेवार व्यक्तिहरू मतदान प्रारम्भ हुनुभन्दा पहिलेदेखि नै तम्तयार हुनुपर्ने हुन्छ।

ख) **पर्यवेक्षकको पृष्ठभूमि र प्रतिबद्धता** : पर्यवेक्षण कार्यमा संलग्न हुने कुनै पनि व्यक्ति वा संस्थाहरू कम्तिमा पनि आफू निर्वाचन पर्यवेक्षणमा संलग्न हुने भनि प्रतिज्ञा गरेको मितिदेखि निर्वाचनको मतपरिणामको औपचारिक घोषणा नभएसम्म पूर्णरूपमा स्वतन्त्र तथा निष्पक्षरूपमा कार्यरत रहेको अनुभूति सबैलाई गराउन सक्नुपर्दछ। यसको अर्थ

उनीहरूमा कुनै पनि राजनीतिक विचारधारा वा कुनै राजनीतिक दल वा उम्मेदवारप्रति आस्था वा झुकाव हुँदैन भन्ने होइन, तर त्यस्ता झुकाव तथा विचार पर्यवेक्षणका क्रममा कुनै पनि हिसावले प्रतिबिम्बत हुन नहुने अन्तर्राष्ट्रिय मान्यता छ। कसैको आस्था एवम् विचारको स्वतन्त्रतामाथि बन्देज लगाइएमा उनीहरूको मानवअधिकार र राजनीतिक प्रक्रियामा सहभागी हुने अधिकार खोसिएको ठहर्ने भएतापनि पर्यवेक्षकहरूले अन्तर्राष्ट्रियतहमासमेत मान्यताप्राप्त न्यूनतम मापदण्डहरूलाई अनिवार्यरूपमा मान्नुपर्दछ, जसका लागि निम्निलिखित विषयमा विचार पुऱ्याउनुपर्दछ :

१. कुनै पनि खास राजनीतिक पार्टी वा उम्मेदवार वा विचारधाराको पक्ष र विपक्षमा आफ्नो मत तथा विचार अभिव्यक्त गरी प्रचारप्रसारमा सक्रिय सहभागिता जनाउन पाइँदैन। आफूले मत दिने उम्मेदवार वा दलका विषयमा सार्वजनिक अभिव्यक्ति दिनुहुँदैन।
२. निर्वाचन पर्यवेक्षणको अधिकार प्राप्त सङ्गठन तथा निर्वाचन आयोगबाट जारी आचारसंहिता तथा निर्वाचनको निष्पक्षता सुनिश्चित गर्नेसँग सम्बन्धित प्रचलित संविधान, कानुन र नियमहरूको विपरीत हुने कुनै पनि प्रकारका कार्यमा संलग्न हुन पाइँदैन।

ग) **पर्यवेक्षकको प्रशिक्षण** : निर्वाचनको सुनिश्चिततताका लागि स्वतन्त्र व्यक्तिहरूको संलग्नतामा हुने पर्यवेक्षण कार्यलाई विश्वव्यापीरूपमा आत्मसात् गरिएको छ। निर्वाचन पर्यवेक्षणमा संलग्नता जनाउने तथा सक्रिय हुने व्यक्ति तथा संस्थाहरूका निमित्त लोकतन्त्र तथा मानवअधिकारका न्यूनतम आदर्श र मान्यताहरू, अन्तर्राष्ट्रिय प्रचलन र व्यवहारहरू, प्रचलित राजनीतिक व्यवस्था, निर्वाचनसम्बन्धी नियम कानुनहरू, निर्वाचन प्रशासन र निर्वाचन प्रक्रिया तथा निर्वाचन पर्यवेक्षणको महत्व तथा विधिका बारेमा विस्तृत् "पर्यवेक्षण प्रशिक्षण" कार्यक्रमहरू सञ्चालन गर्नु अत्यावश्यक ठानिन्छ।

घ) **पर्यवेक्षकको कर्तव्य र अधिकार** : पर्यवेक्षकहरूलाई कम्तिमा पनि नेपालको प्रचलित संविधान र प्रचलित कानुनअनुसार प्राप्त सबै अधिकारहरू नेपाली नागरिकहरूसरह समानरूपमा प्राप्त हुन्छन्। अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूका हकमा उनीहरूलाई कम्तिमा पनि नेपाल आउने विदेशी पर्यटकहरू सरहका सुविधाहरू प्राप्त भए पनि निर्वाचन पर्यवेक्षणसँग सम्बन्धित सुविधा तथा पहुँच उनीहरूले पनि राष्ट्रिय पर्यवेक्षकसरह प्राप्त गर्दछन्। सरकार वा निर्वाचन आयोगले आमन्त्रण गरेको हकमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले राष्ट्रिय अतिथिको सत्कारसमेत प्राप्त गर्दछन्। उनीहरूलाई केही हदसम्म कुटनीतिक सुविधा पनि प्रदान गरिएको हुन्छ।

## २. पर्यवेक्षणका निमित्त खटन-पटनभन्दा पहिले ध्यान दिनुपर्ने सवालहरू

निर्वाचन पर्यवेक्षण कार्य त्यति सजिलो हुँदैन । त्यसमा पनि हिंसात्मक द्वन्द्वपश्चात् हुन लागेको संविधानसभा निर्वाचन अत्यन्त चुनौतीपूर्ण भएकाले पर्यवेक्षण कार्य पनि त्यत्तिकै जटिल हुनसक्दछ । पर्यवेक्षण स्थलहरू, समय व्यवस्थापन र समूहका सदस्यहरूको छनौटजस्ता महत्त्वपूर्ण विषयहरूको टुङ्गो तथा योजना निर्वाचनको दिनभन्दा एक दिन पहिले अन्तिम स्वरूप दिइएमा प्रभावकारी र व्यावहारिक हुन्छ ।

क) **आवश्यक सामग्रीहरू** : कागज, कलम, फाइल, निर्वाचनसम्बन्धी नियम-कानुनहरू, निर्वाचन पर्यवक्षण निर्देशिका, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिको आधिकारिक पत्र, निर्वाचन आयोगको पत्रको प्रतिलिपि, निर्वाचनको दिन पर्यवेक्षणका समयमा र प्रतिवेदन तयारीका लागि आवश्यक हुने कागजपत्रहरू, सम्भव भएसम्म आफू खटिएको जिल्ला वा निर्वाचन क्षेत्रको नक्सा लगायत निर्वाचनमा भाग लिएका राजनीतिक दलहरू, उम्मेदवारहरू, मतदाता सूची र निर्वाचन प्रशासन जस्ता विषयमा विस्तृत् विवरण निर्वाचन पर्यवेक्षकहरूको साथमा हुनुपर्दछ ।

ख) **यातायात, खाना, बसोवास र सुरक्षा** : यातायात व्यवस्था, खानाका लागि समय तथा स्थानका अलावा पानी र सुख्खा खाना, बसोवास स्थान, आकस्मिक औषधोपचारको व्यवस्था र सुरक्षासम्बन्धी सामान्य योजना तयार भएमा पर्यवेक्षकहरू अनावश्यक भन्भ्कटबाट मुक्त हुने गर्दछन् ।

ग) **स्थानीय तयारी** : आफू खटिएको ठाउँमा पुग्नेवित्तिकै त्यस क्षेत्रमा आफ्नो उपस्थिति जनाउनका निमित्त निर्वाचन तथा सुरक्षा प्रशासन, राजनीतिक दलहरू र उम्मेदवार तथा सञ्चारमाध्यमका प्रतिनिधिहरूसँग भेटघाट गर्नुपर्दछ भने स्थानीय तयारीसम्बन्धी प्रारम्भिक प्रतिवेदन नियोकको जिल्ला, क्षेत्र र केन्द्रमा प्रवाह गर्नुपर्दछ ।

घ) **निर्वाचन पर्यवेक्षण र प्रतिवेदन** : पर्यवेक्षकहरूले निर्वाचन प्रक्रियाको सम्पूर्ण अवधिको प्रभावकारीरूपमा पर्यवेक्षण गर्ने र त्यसका आधारमा स्वतन्त्र, निष्पक्ष तथा धाँधलीरहित सिद्धान्तका आधारमा व्यक्तिगत वा समूहको पर्यवेक्षण प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ। यसका निमित्त यसै दस्तावेजमा संलग्न फाराम प्रयोग गर्नुपर्दछ । आवश्यकभन्दा बढी विवरणहरू भएमा अलग्गै प्रतिवेदन तयार गर्न सकिनेछ। निर्वाचन प्रक्रिया सम्पन्न हुनासाथ प्रतिवेदन नियोकको जिल्ला कार्यसमिति मार्फत् केन्द्रीय कार्यालयमा पेश गर्नुपर्दछ ।

ङ) **मतगणना र परिणाम** : मतदान कार्यपछि धाँधलि हुने अर्को चरण मतगणनाको समय र मत-परिणामको घोषणाभन्दा पहिलेको अवस्था हो । मूलतः निर्वाचन प्रशासनको प्रत्यक्ष संलग्नतामा हुनसक्ने यस्ता अनियमितताहरूको पर्यवेक्षण अत्यन्त महत्वपूर्ण मानिन्छ जसले स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका आधारभूत सिद्धान्तहरूको उल्लङ्घन हुनजान्छ । जिल्ला तथा निर्वाचन क्षेत्रमा सक्रिय पर्यवेक्षकहरूले

निर्वाचन प्रशासनको परामर्शमा मतगणना स्थलमा कम्तिमा एक जना निर्वाचन पर्यवेक्षकको उपस्थिति हुने वातावरण मिलाउनुपर्दछ। मतगणनापश्चात् निर्वाचन परिणामसँग जोडिएर विभिन्न घटनाहरू घट्ने सम्भावना हुने भएकाले निर्वाचन पर्यवेक्षकहरू सतर्कताका साथ कार्यक्षेत्रमा खटिएको हुनुपर्दछ र त्यस अवधिको निर्वाचन पर्यवेक्षण प्रतिवेदन तयार गरी जिल्ला, क्षेत्र वा केन्द्रीय कार्यालयमा तत्काल पेश गर्नुपर्दछ।

# निर्वाचन पर्यवेक्षण

## पर्यवेक्षण भनेको के हो ?

कुनै पनि गतिविधि सञ्चालन हुँदा सो गतिविधि कहाँ, कुन प्रक्रियाले कहाँ, कसरी र कहिले सम्पन्न भयो भनी गहनतम रूपमा अवलोकन र विश्लेसण गर्नु नै पर्यवेक्षण हो ।

## निर्वाचन पर्यवेक्षण के हो ?

निर्वाचन प्रक्रिया विधिसम्मत् ढङ्गबाट सञ्चालन भएको छ, छैन भन्ने विषयमा स्थलगत अध्ययन अवलोकन गर्ने कार्यलाई निर्वाचन पर्यवेक्षण भनिन्छ ।

## पर्यवेक्षण किन गरिन्छ ?

- निर्वाचनका सहभागीहरूमा निर्वाचन प्रक्रियाका बारेमा विश्वास जगाउन,
- मतदाताहरूलाई निर्वाचन निष्पक्ष हुन्छ भन्ने वातावरणको विश्वसनीयता दिलाउन,
- दलहरूको निर्वाचन अभियान, सञ्चारमाध्यमहरूको भूमिका र सरकारी पक्षबाट स्रोत साधनको दुरूपयोग भए नभएको बारे मूल्याङ्कन गर्न,
- नागरिकहरूको राजनीतिक व्यवस्था र दलहरूप्रतिको सम्मानलाई दृष्टिगत गरी प्रजातान्त्रिक व्यवस्थामा हुनसक्ने सुधारका अवसरहरूको पहिचान गर्न,

- भविष्यमा निर्वाचन प्रक्रियामा गरिनुपर्ने सुधारहरूबारे निर्वाचन पदाधिकारीहरूलाई सुझाव दिन,
- निर्वाचनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा विश्वसनीयता बढाउन,
- लोकतान्त्रिक राजनीतिक पद्धतिलाई संस्थागत गर्न,
- स्वतन्त्र, निष्पक्ष एवं निर्भय मतदानको वातावरणमा निर्माण गर्न,




- राष्ट्रियस्तरमा जनविश्वसनियता र वैद्यता कायम गर्न,
- निर्वाचनको नतिजालाई अन्तर्राष्ट्रिय मान्यता र वैद्यता सुनिश्चित गर्न,
- विगतका राजनीतिक तिक्ततालाई मेलमिलापमा रूपान्तरण गर्न,
- निर्वाचनको क्रममा हुने आपराधिक/अवाञ्छित क्रियाकलाप निरुत्साहित गर्न,
- सरकारी साधन/स्रोतको दुरुपयोगलाई निरुत्साहित गर्न,
- निर्वाचनमा सम्भाव्य अनियमितता रोक्न,
- मतदाता र राजनीतिक दललाई निर्वाचनको स्वतन्त्रतामा भरोसा प्रदान गर्न ।

**पर्यवेक्षकले के कार्य गर्दछन् ?**

- पर्यवेक्षकहरूले सम्पूर्ण निर्वाचन प्रक्रियाको जस्तैः निर्वाचन व्यवस्थापन र सञ्चालनका सन्दर्भमा सुरक्षा, मतदाता नामावली संकलन परिक्षण, मतदान शिक्षा, निर्वाचन अभियान, संचार माध्यम, मतदान कार्य, मतगणना र परिणाम घोषणा आदिको सम्पूर्ण वा केही कार्यको पर्यवेक्षण गर्न सक्छन् ।
- पर्यवेक्षकहरू आफै निर्वाचन प्रक्रियामा संलग्न भै कार्य गर्दैनन्, तर निर्वाचन कार्यको पर्यवेक्षण गरी निर्वाचनको स्वतन्त्रता कायम गर्न ठोस सुझावसहितको प्रतिवेदन दिन्छन् ।

# पर्यवेक्षणका प्रकार

- **राष्ट्रिय पर्यवेक्षण**

  राष्ट्रिय पर्यवेक्षकहरू निर्वाचन हुने देशकै नागरिक हुन् । तिनीहरू कुनै गैरसरकारी संस्था वा त्यस्तै समूहसँग आवद्ध संस्थाका सदस्यहरू वा स्वतन्त्र नागरिक हुन्छन् । यिनीहरूमा निर्वाचन प्रक्रियाप्रति सरोकार हुने गर्दछ तर कार्यविधिमा दलगत स्वार्थले अभिप्रेरित हुनु हुँदैन ।

- **अन्तर्राष्ट्रिय पर्यवेक्षण**

  निर्वाचन हुने देशमा निर्वाचन पर्यवेक्षणका लागि अन्यत्र मुलुकबाट आउने व्यक्ति वा संस्थाहरू अन्तर्राष्ट्रिय पर्यवेक्षक हुन् । उनीहरूले कुनै देशको सरकार वा अन्तर्राष्ट्रिय संगठनको प्रतिनिधित्व गरेका हुन्छन् । कतिपय अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू ख्यातिप्राप्त स्वतन्त्र व्यक्तिहरूसमेत हुन सक्दछन् । प्रायः पर्यवेक्षकहरू बौद्धिक जमात वा व्यावसायिक संगठनहरूबाट खटाइएका हुन्छन् । पर्यवेक्षकहरूले निर्वाचनसम्बन्धी सम्पूर्ण पक्षको राम्रो जानकारी राखेको हुनु पर्ने भएकोले समाजमा निर्वाचनप्रति विश्वास जगाउने कार्यमा उनीहरूको अहम् भूमिका रहन्छ । यसबाहेक निर्वाचन पर्यवेक्षणलाई निम्न विधिवाट समेत सम्पन्न गरिन्छ ।

- **घुम्ती पर्यवेक्षण**

  यस प्रकारको पर्यवेक्षणमा धेरै वा थोरै व्यक्तिहरू धैरै ठाउँमा घुमेर धेरै मतदान केन्द्रहरूको पर्यवेक्षणका साथै ती ठाउँहरूको मतदानको वातावरणको मूल्याङ्कन गर्ने गर्दछन् । यस प्रकार पर्यवेक्षकहरूबाट आन्तरिक वा वाह्य (स्वदेशी वा बिदेशी) जोकोही पनि हुने गर्दछन् ।

- **स्थायी पर्यवेक्षण**

  यस प्रकारको पर्यवेक्षणमा पर्यवेक्षकहरू कुनै एक ठाउँमा बसेर एउटा मतदान केन्द्रको नियमित मतदान प्रक्रियाको अन्त्य हुन्जेलसम्म पर्यवेक्षण गर्ने गर्दछन् ।

## पर्यवेक्षणबाट के फाइदा हुन्छ ?

गम्भीरतापूर्वक र उपयुक्त तबरले गरिएको पर्यवेक्षणका निम्न फाइदाहरू छन् :

- अवाञ्छित क्रियाकलाप रोक्न मद्दत पुग्छ ।
- सम्भावित अनियमितताले ल्याउन सक्ने दुर्घटनाको बेलैमा रोकथाम गर्न सकिन्छ ।
- संक्रमणकालीन एवम् द्वन्द्वग्रस्त अवस्थामा पर्यवेक्षकका उपस्थितिले वातावरण सुरक्षित रहेका अनुभूति दिलाउँछ ।
- निर्वाचनको विश्वसनीयता एवं वैधता अभिवृद्धि गर्न सघाउ पुग्छ ।
- अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूबाट राष्ट्रिय पर्यवेक्षकहरूको क्षमता अभिवृद्धि गर्न सघाउ पुग्छ ।

## राष्ट्रिय पर्यवेक्षक र योग्यता

*पर्यवेक्षण कार्यमा खटिएका व्यक्ति निम्न योग्यताको हुनुपर्छ :*

(क) नेपाली नागरिक

(ख) महिलाको हकमा एस. एल. सी. वा सो सरह उत्तीर्ण

(ग) पुरुषको हकमा प्रबीणता प्रमाणपत्र तह उतिर्ण वा (एक पटक निर्वाचन पर्यवेक्षणमा संलग्न भएको अवस्थामा एस.एल.सी माात्र भए पुग्ने)

(ग) २१ वर्ष वा सो भन्दा माथि उमेर पुगेको

(घ) पर्यवेक्षणसम्बन्धी अभिमुखीकरण कार्यक्रममा भाग लिएको

(ङ) कुनै पनि राजनीतिक दलको सदस्यता नलिएको
(च) फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट सजाय नपाएको
(छ) मानसिक सन्तुलन नगुमाएको

**<u>पर्यवेक्षण अनुमतिप्राप्त संस्थाको कर्तव्य</u>**

(क) पर्यवेक्षकहरू मनोनयन गर्दा सम्भव भएसम्म समावेशी प्रकृतिको हुनुपर्नेछ ।

(ख) पर्यवेक्षकहरू खटाउँदा सकभर सबै क्षेत्र समेट्ने गरी परिचालन गर्नुपर्नेछ ।

(ग) सामान्यतया आफ्नो स्थानीय बसोबास भएको निर्वाचन क्षेत्रभित्र पर्यवेक्षण गर्न खटाउनु हुँदैन ।

(घ) एउटै व्यक्तिलाई एकभन्दा बढी संस्थाले पर्यवेक्षकको रूपमा खटाउनु हुँदैन ।

(ङ) पर्यवेक्षण कार्यमा सरकारी वा सरकारी स्वामित्वका संघसंस्थाका कर्मचारीहरूलाई खटाउन पाइने छैन ।

(च) पर्यवेक्षण गर्न अनुमतिप्राप्त गरेका संस्थाहरूले निर्वाचनसम्बन्धी आवश्यक कानुनी र निर्वाचनसम्बन्धी आवश्यक सूचना तथा आचारसंहिता सम्बन्धित पर्यवेक्षकहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(छ) पर्यवेक्षण कार्यमा खटिने पर्यवेक्षकहरूलाई सम्बन्धित पर्यवेक्षण संस्थाले निर्वाचनका विषयमा अनिवार्य रूपमा अभिमुखीकरण गराउनु पर्नेछ ।

(ज) पर्यवेक्षण कार्य समाप्त भएपछि ३० दिनभित्र प्रारम्भिक र तीन महिनाभित्र अन्तिम प्रतिवेदन आयोगमा बुझाउनु पर्नेछ ।

(झ) आयोगले तोकेको नमूना बमोजिमको पर्यवेक्षक परिचयपत्र, फाराम, आचारसंहिता एवं अन्य सामग्रीहरू छपाई, ढुवानी र वितरण गर्ने कार्यलगायत पर्यवेक्षणसम्बन्धी सम्पूर्ण खर्चको व्यवस्था पर्यवेक्षण संस्था आफैले गर्नु पर्नेछ ।

(ञ) पर्यवेक्षण संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीन महिनाभित्र आफ्नो आयव्यय सार्वजनिक गर्नु पर्नेछ ।

(ट) नेपाल सरकारद्वारा जारी गरिएको निर्वाचन सम्बन्धी ऐन, नियम कानुनहरूको पूर्णरूपमा पालना गर्नुपर्दछ ।

(ठ) निर्वाचन पर्यवेक्षणका लागि निर्वाचन आयोगबाट अनुमति प्राप्त अन्य संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्नुपर्दछ ।

## पर्यवेक्षकको कर्तव्य र अधिकार

(क) निर्वाचन आयोगबाट स्वीकृति प्राप्त नगरी कुनै पनि व्यक्ति वा संस्थाले पर्यवेक्षण गर्नु गराउनु हुँदैन ।

(ख) पर्यवेक्षणमा खटिनु पूर्व निष्पक्षताको शपथ लिनु पर्नेछ ।

(ग) पर्यवेक्षण कार्यमा खटिने पर्यवेक्षकहरूले अनिवार्य रूपमा पर्यवेक्षक अभिमुखीकरण कार्यक्रममा भाग लिएको हुनुपर्नेछ ।

(घ) पर्यवेक्षकहरूले निर्वाचन आयोगले जारी गरेको पर्यवेक्षक आचारसंहिताको अध्ययन एवं पालना गर्नुपर्नेछ ।

(ङ) पर्यवेक्षकले पर्यवेक्षणमा जाँदा आयोगबाट जारी गरिएको परिचयपत्र प्रष्ट देखिने गरी लगाएको हुनुपर्नेछ ।

(च) पर्यवेक्षकहरूले आफूलाई खटाइएको क्षेत्रको मात्र पर्यवेक्षण गर्नुपर्नेछ ।

(छ) पर्यवेक्षकहरूले गोप्य मतसङ्केतबाहेक निर्वाचन सम्बन्धी अन्य सम्पूर्ण प्रक्रियाको पर्यवेक्षण गर्न सक्ने ।

(ज) निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध सबै पक्षसँग निर्वाचनसम्बन्धी विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्न सक्ने ।

(झ) पर्यवेक्षण आचारसंहिता अन्तर्गत रही निर्वाचन सम्बन्धी सबै विषयहरूमा स्पष्ट हुन पाउने ।

(ञ) निर्वाचन आयोग वा मातहतका अधिकारीहरूको अधिकार क्षेत्र सम्बन्धी जानकारी पाउने ।

(ट) निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवत-जावत, संवेदनशील निर्वाचन सामग्रीहरू (मतपेटिका, मतपत्र आदि) को ओसार-पसार, मतदान, मतगणना, निर्वाचन परिणाम र सञ्चार माध्यमहरूमा पहुँच आदि कुराको पर्यवेक्षण गर्न सक्ने ।

(ठ) मतदान केन्द्रको गोप्य कक्षमा मतदान कार्य हुँदै गरेको बाहेक मतदान केन्द्रमा मतदान अधिकृतको अनुमति लिएर निर्वाध प्रवेश पाउने ।

(ड) मतसङ्केत गरेको अवस्थाको बाहेक निर्वाचन अधिकृत/मतदान अधिकृतले स्वीकृति दिएमा मतदानकेन्द्र

लगायतका निर्वाचन प्रक्रियाको तस्वीर खिच्न पाइने ।

(ढ) मतगणनास्थलमा निर्वाचन अधिकृतको अनुमति लिएर निर्वाध प्रवेश पाउने ।

(ण) पर्यवेक्षकले बस्न चाहेमा निर्वाचन अधिकृतले तोकेबमोजिम मतपेटिका सङ्कलन गरिराखेको स्थलमा बस्न पाउने ।

(त) निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रिया सम्बन्धी जानकारी लिन पाउने ।

(थ) निर्वाचन सम्बन्धमा परेको कुनै पनि उजुरी वा गुनासो बारे जानकारी लिन पाउने ।

(द) निर्वाचन सम्बन्धी प्रक्रियाको विभिन्न चरणमा राजनीतिक दलहरूको सहभागिता रहे/नरहेको विषयबारे थाहा पाउने ।

(ध) पर्यवेक्षणको क्रममा आफूले प्राप्त गरेको अनुभव आदान-प्रदान गर्न सक्ने ।

## निर्वाचन पर्यवेक्षणका क्रममा आउन सक्ने सम्भावित जोखिमहरू र व्यक्तिगत सुरक्षा

- निर्वाचन पर्यवेक्षणमा खटिएका सम्पूर्ण व्यक्तिहरूको व्यक्तिगत सुरक्षा प्रमुख प्राथमिकता हुनुपर्दछ । यसो हुन नसकेमा उनीहरूको जीवन जोखिममा पर्न सक्छ ।
- यदि पर्यवेक्षकले निर्वाचन हुने कुनै स्थान/बुथमा पर्यवेक्षणका लागि आफूलाई सुरक्षित महसुस गरेनन् भने उक्त क्षेत्रबाट बाहिरिनु राम्रो हुन्छ ।
- यदि पर्यवेक्षणका कर्मचारीहरूमाथि कुनै घटना घटयो वा

त्यस्तो किसिमको घटना घट्न सक्ने संकेतको पूर्वानुमान भयो भने जति सक्दो छिटो निर्वाचन केन्द्र छोड्नु पर्दछ ।

- निर्वाचन केन्द्रमा कुनै किसिमको हिंसात्मक गतिबिधि भएमा त्यस समयमा पर्यवेक्षणकर्ता चुपचाप बस्नुपर्छ र होशियारीपूर्वक केन्द्रबाट बाहिरिनुपर्दछ ।
- सम्बन्धित पदाधिकारीलाई निर्वाचन केन्द्रको बिग्रँदो वातावरण र यसको कारणहरूका बारेमा जानकारी गराउनुपर्दछ ।

## जोखिम कम गर्नका लागि केही उपायहरू

- निर्वाचन पर्यवेक्षणकर्ता व्यवहारमा विनम्र हुनु पर्दछ । पर्यवेक्षणकर्ताले राजनीतिक, जातीयता वा धार्मिक आस्थाका आधारमा कसैसँगपनि भेदभावपूर्ण व्यवहार गर्नुहुँदैन ।
- पर्यवेक्षणका दौरान राजनीतिक दल वा उम्मेदवार वा तिनका कार्यकर्ताहरूले पर्यवेक्षणकर्तालाई प्रभावित पार्नसक्ने सम्भावनाप्रति सजग रहनु पर्छ ।
- पर्यवेक्षणकर्ताले पर्यबेक्षणका दौरानमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको चिन्ह प्रयोग गर्न हुँदैन ।
- पर्यवेक्षणकर्ताले पर्यबेक्षणका दौरान कुनै खास राजनीतिक दल वा उम्मेदवारप्रति लगाव वा आत्मियता देखाउने खालको व्यवहार गर्नु हुदैन ।

- पर्यबेक्षणका दौरान प्रयोग गरिएको सवारी साधनमा राजनीतिक दल वा उम्मेदवारका कार्यकर्ता वा मतदाताले माग्न सक्ने भएकोले यसबारे पर्यवेक्षणकर्ता सजग हुनुपर्दछ ।
- पर्यवेक्षणकर्ताहरूले आफ्नो सुरक्षाबारे सजग हुनुपर्दछ र अनावश्यक विवादमा तान्न खोज्नेहरूप्रति पनि सजग हुनु पर्दछ ।
- पर्यवेक्षणकर्ताले जिल्लाका संबेदनशील र धाँधली हुन सक्ने सम्भावना हरेको सुनिएको मतदान केन्द्रमा पर्यवेक्षण कार्यलाई प्राथमिकता दिनुपर्दछ ।
- पर्यवेक्षणकर्ताहरू मानवअधिकारको बिश्वव्यापी घोषणाप्रति प्रतिबद्ध हुनु पर्दछ ।

## पर्यवेक्षक छनौटका आधार र प्रक्रिया

नियोकले आसन्न संविधानसभाको निर्वाचन पर्यवेक्षणका लागि देशव्यापी रूपमा दश हजार तालिम प्राप्त पर्यवेक्षक खटाउने नीति लिएको छ । त्यस अनुरूप पर्यवेक्षण कार्यको संयोजन र सम्पन्न गर्न क्षेत्रीय समिति तथा जिल्ला शाखाको पुर्नगठन गरिएको छ । जिल्ला शाखाको उपस्थिति, निर्देशन, परामर्शमा नियोकका त्यस निर्वाचन क्षेत्रमा उपस्थित सबै सदस्य संस्थाहरूको बैठक बोलाई प्रत्येक निर्वाचन बुथमा पर्यवेक्षक बन्न योग्यता पुगेका, इच्छुक र कुनै दलको निर्वाचन गतिविधि वा संगठनात्मक भूमिकामा सक्रिय नभएका स्थानीय व्यक्तिहरूको नाम, ठेगाना, नागरिकताको प्रतिलिपि र दुईप्रति अटो साइजको हालसालै खिचिएको

फोटोसमेत संकलन गनुपर्दछ । यसरी नामावली संकलन गर्दा त्यस जिल्लाको जिल्ला शाखाको सदस्यको भूमिका पाएका संस्था बाहेक अन्य संस्थाका तर्फबाट आएका पर्यवेक्षकहरूका नामावलीलाईसमेत समावेश गर्नु पर्दछ । यस प्रक्रियामा निर्वाचन आयोग र नियोकले तोकेको योग्यता पूरा भएकै हुनुपर्छ । विगतका निर्वाचनहरूमा पर्यवेक्षण गरिसकेकाहरूलाई विशेष प्राथमिकता दिइनु पर्दछ । पर्यवेक्षक छनौट गर्दा महिला, दलित, जनजाति, मधेशी, अपाङ्ग लगायत सकेसम्म सबै क्षेत्रका समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नु पर्दछ ।

*नोट : विगतका निर्वाचनहरूमा जस्तै संविधानसभाको निर्वाचनमासमेत नियोकले अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई आमन्त्रण गरेको छ । यसका साथै नियोकले* **Asian Network for Free Elections (ANFREL)** *सँग सहकार्य गरी अन्तर्राष्ट्रिय पर्यवेक्षणको संयोजन गर्नेछ ।*

## पर्यवेक्षकले प्रयोग गर्ने फारामहरू

निर्वाचन पर्यवेक्षकहरूले निर्वाचन पर्यवेक्षणका क्रममा विभिन्न चरणमा भर्नुपर्ने फारामहरू विकास गरिएको छ । नियोकद्वारा खटाइने पर्यवेक्षकले तिनै फारामका आधारमा मात्र पर्यवेक्षण गर्न पाउने छन् । निर्वाचन पर्यवेक्षण गर्दा प्रयोग गर्ने फारामका नमूनाहरू यसै निर्देशिकाको अनुसूचीमा राखिएको छ । (निर्वाचन क्षेत्र वरिपरिको वातावरणमा निर्वाचनलाई बाधा पर्ने कुनै

महत्वपूर्ण सूचना भए वा मतदान कार्यमा प्रयोग गरिएको स्वस्तिक छाप साटिएको वा चोरिएको थाहा पाएमा वा त्यस्तै कुनै गम्भीर प्रकृतिको निर्वाचनलाई प्रभावित पार्ने सूचना आफूलाई प्राप्त भएमा मतदान अधिकृतलाई छुट्टै भेटी सो जानकारी दिने । अन्यथा निर्वाचन प्रक्रियाका बारमो पर्यवेक्षकले कुनै कुरा बोल्न पाउने छैनन् ।)

## निर्वाचन अनुगमन किन ?

- तटस्थरूपमा निर्वाचनका समग्र प्रक्रियालाई सूक्ष्मरूपमा अवलोकन गरी कहाँ, कसरी भइरहेको छ, भयो र ती प्रक्रिया विद्यमान ऐन-कानुन, निर्देशिका वा आचारसंहिता अनुसार छन्/छैनन् लेखाजोखा गर्न गरिन्छ ।
- संविधानसभाको निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा भएको वा नभएको लेखाजोखा गर्न गरिन्छ ।
- मतदाताहरूको राजनीतिक अधिकारको पूर्णरूपले संरक्षण भए नभएको बुझ्न गरिन्छ ।
- मतदाता कसैको डर, धाक धम्की, दवाब वा अनुचित प्रभावमा परी मतदान गरे/गरेनन् त्यसको लेखाजोखा गर्न गरिन्छ ।
- मतदानको वातावरण र त्यसले मतदान प्रक्रियामा पारेको प्रभाव बुझ्न गरिन्छ ।
- मतदानको परिणाम र त्यसको वैधताबारे निष्कर्ष निकाल्न गरिन्छ ।

- निर्वाचन अनुगमनले निर्वाचन पूर्व, निर्वाचनको दौरान र निर्वाचनपश्चात् सम्भावित असमझदारी तथा द्वन्द्वलाई न्यूनीकरण गर्न मद्दत गर्दछ ।
- निर्वाचन अनुगमनले निर्वाचनको निष्पक्षतालाई बढाउँछ जसले गर्दा मतदातालाई मतदानको लागि प्रोत्साहन गर्दछ र गलत तत्वलाई निरूत्साहित गरी मतदानमा नागरिक सहभागितामा वृद्धि हुन्छ ।

## निर्वाचन पर्यवेक्षणका चरणहरू

- निर्वाचन अनुगमन विभिन्न चरणमा गरिन्छ र यी चरणहरूको आ-आफ्नो ठाउँमा अलग महत्व हुन्छ । एक चरणको निर्वाचन अनुगमन प्रक्रिया अधुरो हुन गई समग्र निर्वाचन प्रक्रियाको लेखाजोखा हुन सक्दैन । निर्वाचनका सम्पूर्ण चरणहरूलाई राम्ररी नबुझीकन निर्वाचनको पर्यवेक्षण गर्न कठिन हुन्छ । निर्वाचन पर्यवेक्षण खासगरी तीन चरणमा गरिन्छ ।
- निर्वाचनपूर्व गरिने अनुगमन ।
- निर्वाचन अवधिमा गरिने पर्यवेक्षण ।
- निर्वाचनपश्चात् (मतगणना सहित) गरिने पर्यवेक्षण ।

## निर्वाचनपूर्व गरिने अनुगमन

यसमा निर्वाचन सम्पन्न हुनुभन्दा पहिलेको वातावरण अनुगमन गरिन्छ । मतदान कार्यअघि हुने निर्वाचनका प्रक्रियाहरू तथा निर्वाचन वातावरणसँग सरोकार राख्ने कुराहरू यसमा अनुगमन गरिन्छ । निर्वाचनपूर्व गरिने अनुगमनमा खासगरी निम्न बुँदाहरूमा विचार गर्नुपर्दछ :

- निर्वाचनअघिको वातावरण,
- चुनाव प्रचारप्रसारको शैली,
- राजनीतिक दल र उम्मेदवारहरूले चुनावमा गर्नेगरेको खर्च,
- निर्वाचनको सूचना, उम्मेदवार योग्यता, मनोनयन, मनोनयन दर्ता, सूची प्रकाशन, नाम फिर्ता, दाबी-विरोधलगायत मतदानभन्दा अघि हुने निर्वाचनका सम्पूर्ण प्रक्रियाहरू,
- निर्वाचन केन्द्र रहेको स्थान/सहजता,
- निर्वाचन केन्द्र वरिपरिको वातावरण,
- निर्वाचन केन्द्रको स्थिति/व्यवस्था,
- निर्वाचन केन्द्र वरिपरिको सुरक्षा ब्यवस्था,
- निर्वाचन केन्द्रमा मतदानको लागि महिला र पुरूषको अलग-अलग लाइनको व्यवस्था र
- निर्वाचनमा खटाइने कर्मचारीको पर्याप्तता ।

### (क) निर्वाचनपूर्वको अनुगमन : अनुगमनकार्ताको दायित्व

- निर्वाचन प्रक्रियामा आम जनसहभागिता जुटाउनका लागि उपयुक्त वातावरण सिर्जना गर्न सम्बन्धित सरोकारवाला संस्था एवं निकायहरूसँग सहकार्य गर्ने ।
- अन्तरिम संविधान, निर्वाचनसम्बन्धी प्रचलित कानुन र अन्तर्राष्ट्रिय सिद्धान्त अनुरूप निष्पक्ष तथा स्वतन्त्र निर्वाचन भएको छ या छैन भन्ने कुराको अनुगमन तथा पर्यवेक्षण गर्ने सम्बन्धी व्यवस्था मिलाउने सिलसिलामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण टोलीबीच आवश्यक समन्वय र सहकार्य गर्ने ।
- निर्वाचन कार्यक्रम सुरू भइसकेपछि राजनीतिक पार्टीहरूबाट हुने निर्वाचन प्रचारको अनुगमन एवं पर्यवेक्षण गर्ने र स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि प्रतिकूल हुने खालको कुनै गतिविधि देखिएमा सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने/गराउने ।
- भौगोलिक विकटता, यातायातको असुविधा तथा मतदाताहरूको साक्षरता तथा सचेतनाकोस्तर आदिलाई समेत ध्यानमा राखी निर्वाचनमा धाँधली तथा अनुचित प्रभाव हुन सक्ने सम्भावित निर्वाचन क्षेत्रहरूको पहिचान गरी त्यस सम्बन्धी जानकारी सम्बन्धित निकायलाई उपलब्ध गराउने र उक्त क्षेत्रहरूमा 'विशेष अनुगमन टोलीको' व्यवस्था गर्ने ।

- स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका विविध पक्षहरूको विषयमा मतदाताहरूलाई सचेत गराउने कार्यमा संलगन मानवअधिकारकर्मी एवं गैरसरकारी संस्थाहरू तथा नागरिक समाजसँग सम्पर्क गर्ने ।
- निर्वाचन कार्यक्रममा संलग्न तथा प्रत्यक्ष वा परोक्ष रूपमा निर्वाचनमा असर पार्न सक्ने सरकारी निकाय तथा कार्यालयहरू र तिनका गतिविधिहरूको अनुगमन तथा पर्यवेक्षण गर्ने । त्यस्ता निकायहरूले स्वच्छ तथा निष्पक्ष निर्वाचनमा अवरोध पुऱ्याई प्रतिकूल असर पर्ने कार्य गरेमा सो रोक्नको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।
- सरकारी स्रोत एवं साधन, प्रशासन यन्त्र तथा सरकारी सञ्चार माध्यमहरूको प्रयोग कुनै पनि दलीय, जातीय र क्षेत्रीय प्रयोजनमा प्रयोग हुनबाट रोक्नका लागि आवश्यक जनमत तयार गर्ने, अनुगमन तथा पर्यवेक्षण गर्ने र वास्तविक तथ्यहरू संलग्न गरी सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने ।
- प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन पर्यवेक्षणको व्यवस्था मिलाउन प्रत्येक विकास क्षेत्र, जिल्ला तथा निर्वाचन क्षेत्रस्तरीय निर्वाचन पर्यवेक्षण समिति गठन गर्ने ।
- मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन कार्यसँग सम्बन्धित प्रजातान्त्रिक देशका मानवअधिकार तथा गैरसरकारी संस्थाहरूसँगको सम्पर्क र सहकार्यमा नेपालमा संविधानसभा निर्वाचनमार्फत लोकतन्त्र स्थापनामा योगदान पुऱ्याउने र

लोकतन्त्रको सुदृढीकरणमा विशेष चाख राख्ने प्रतिष्ठित व्यक्तिहरू सम्मिलित अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू आमन्त्रण गर्ने ।

- निर्वाचन पर्यवेक्षणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूहका सदस्यहरूको प्रयोगको लागि कार्य निर्देशिका, आचारसंहिता तथा अन्य सन्दर्भ सामग्री तयार गर्ने ।

## निर्वाचन अवधिमा गरिने पर्यवेक्षण

यसमा निर्वाचन अवधिको वातावरण पर्यवेक्षण गरिन्छ । निर्वाचनको अवधिमा गरिने पर्यवेक्षणमा खासगरी निम्न बुँदाहरूमा बिचार गर्नुपर्दछ ।

- निर्वाचन केन्द्रको सुरक्षा स्थिति,
- स्वयम्सेवकहरूको व्यवस्था,
- मतदानका लागि निर्वाचन केन्द्रको सञ्चालन (निर्वाचन अधिकृत/सहायकहरूको निर्वाचन केन्द्रमा आगमन र मतदाताको व्यवस्थापन),
- मतदान केन्द्रमा मतदाता नामावली टाँस्ने कार्य,
- निर्वाचन केन्द्रमा कर्मचारीहरूको व्यवस्था/उपस्थिति,
- निर्वाचन सामग्रीहरू (मतपत्र, मतपेटिका, मतदाता नामावली, मतपत्रमा लगाइने छाप र छापदानी, आधिकारिक मसी, मुचुल्का फाराम, प्रतिवेदन तथा अन्य कागजात राख्ने खामहरू (प्रयोग भएको नभएको र बदर मतपत्र), लाहा तथा छाप,

- निर्वाचन अभियानसम्बन्धी जानकारी दिने सामग्री तथा पोष्टरहरू निर्वाचन केन्द्रमा टाँसेको/नटाँसेको,
- निर्वाचन केन्द्रमा प्रवेश (निर्वाचन कर्मचारी, योग्य मतदाता, उम्मेदवार/प्रतिनिधि/आधिकारिक व्यक्तिहरू, निर्वाचन अधिकृत, मान्यताप्राप्त अनुगमनकर्ता),
- मतदान केन्द्रमा मतदाताको आवागमन/चाप र उनीहरूको गोपनीयता,
- खाली मतपेटिकाको प्रदर्शन (जनता, उम्मेदवार/प्रतिनिधि तथा अनुगमनकर्ता) र त्यसपछि मतदान अधिकृतद्वारा शिलबन्दी गर्ने मुचुल्कामा सही गर्ने कार्य,
- मतपेटिका राख्ने कार्य (मतदाताको सहजता र मतदान प्रतिनिधि र अनुगमनकर्ताको दृष्टि पुग्ने/नपुग्ने),
- मतदाताहरूको परिचयको रूजु प्रक्रिया र मतपत्र दिने कार्य ( मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर, अधकट्टीमा मतदाताको हस्ताक्षर, प्रतिनिधिको प्रतिक्रिया, गलत/सही मतदाताबाट मतदान भए/नभएको, दाबी/विरोधको घटनाहरू एवं  सो विषयका निर्णयहरूको उतार),
- आधिकारिक मसीको प्रयोग भए/नभएको,
- मतपत्रमा छाप लगाउने समयमा मतदाताको गोपनीयता,

- मतपेटिकामा मतपत्र हाल्ने (मतपत्र हालेपछि मतदान केन्द्रमा मतदाताको उपस्थिति),
- फर्जी मतदान (सही मतदाताहरूको पहिचान र मतदान व्यवस्था र फर्जी मतदाताको संख्या),
- मतदान केन्द्र बन्द गरेको अवस्था (समय, लाइन बसेका मतदाता र लाइन बाहिरका मतदाताहरू) ।

## निर्वाचन अवधिमा गरीने पर्यवेक्षण : पर्यवेक्षकको दायीत्व

- मतदानको दिन मतदान केन्द्रहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक टोलीद्वारा पर्यवेक्षणको व्यवस्था मिलाउने ।
- मतदान केन्द्र व्यवस्थित र सुरक्षित छ/छैन अनुगमन गर्ने ।
- मतदान केन्द्रमा आवश्यक सामग्री पर्याप्त मात्रामा पुगेको छ/छैन हेर्ने ।
- मतदान केन्द्र तथा कर्मचारीहरूको सुरक्षाको के कस्तो प्रबन्ध छ, हेर्ने ।
- मतदान केन्द्रमा आवश्यक मात्रामा कर्मचारी तथा स्वयम्सेवकहरू छ/छैन बुझ्ने ।
- मतपत्र दिदा वा मतदान गर्दा अपनाउनु पर्ने आवश्यक प्रक्रिया अपनाइएको छ/छैन हेर्ने ।

## निर्वाचनपश्चात् गरिने पर्यवेक्षण

- मतपेटिका शिलबन्दी गर्ने प्रक्रिया (मुचुल्कामा हस्ताक्षर र मतपेटिका शिलबन्दी)
- मतपत्र र अन्य कागजातहरूको सूचीकरण (प्रयोग भए/नभएको, मतदाताको संख्या, खसेका मतपत्र, निर्णय उतार तथा अन्य कागजातहरू, शिलबन्दी),
- मतपेटिका र कागजातहरू सम्बन्धित ठाउँमा पुऱ्याउने कार्य र तिनको उचित सुरक्षा व्यवस्था,
- यसअन्तर्गत मतगणना प्रक्रियाको पनि पर्यवेक्षण गरिन्छ । यसको लागि खासगरी जिल्ला संयोजकहरूको जिम्मेवारी हुनेछ । मतगणना प्रक्रियाले निर्वाचनको निष्पक्षता र स्वतन्त्रता कायम राख्नमा मद्दत पुऱ्याउँदछ,
- पर्यवेक्षणकर्ताको निर्वाचन सम्पन्न भएको दिनका बारेमा समष्टिगत प्रतिक्रिया ।

## निर्वाचन पश्चात गरीने पर्यवेक्षण : पर्यवेक्षकको दायीत्व

- मतपेटिकाको ओसार-पसार र सुरक्षाको स्थितिबारे अनुगमन गर्ने ।
- मतदान केन्द्रबाट आएको मतपेटीकाको स्थिति अवस्था ठीक छ/छैन हेर्ने ।
- प्रयोग भए/नभएको मतपत्रहरूको संख्यात्मक विवरण दुरूस्त छ/छैन, हेर्ने ।

- मतगणनास्थलमा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको उपस्थिति छ/छैन हेर्ने ।
- पर्यवेक्षण टोलीबाट प्राप्त प्रतिवेदनको आधारमा अन्तरिम प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदन सार्वजनिक गर्ने ।
- निर्वाचन पर्यवेक्षण सम्बन्धी अन्तिम प्रतिवेदन तयार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण टोलीका व्यक्तिहरूसमेत सामेल भएको एक प्रतिवेदन तयारी तथा सम्पादन उपसमिति खडा गर्ने ।
- अन्तिम प्रतिवेदनको आधारमा लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि निर्वाचन प्रक्रियाको कुनै खास पक्षको बारेमा मतदाता, राजनीतिक दल, निर्वाचन आयोग वा सरकारका सम्बन्धित निकायको विशेष ध्यानाकर्षण गर्नुपर्ने देखिएमा तत्सम्बन्धी आवश्यक कार्य गर्ने । यसको आधारमा निर्वाचनको कुनै खास पक्षमा मतदाताहरूलाई प्रशिक्षित गराउनु पर्ने देखिएमा सम्बन्धित गैरसरकारी संघसंस्थाहरूको ध्यानाकर्षण गराउने ।

# निर्वाचन आचार संहिता

## निर्वाचन आचारसंहिता के हो ?

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय बनाउन निर्वाचनसँग सम्बन्धित राजनीतिक दल, उम्मेदवार, नेपाल सरकार, सञ्चार माध्यम, कर्मचारीसमेतले पालना गर्नुपर्ने आचरण नै निर्वाचन आचारसंहिता हो ।




- यो निर्वाचन आयोगले जारी गर्छ ।
- यसले निर्वाचनलाई कम खर्चिलो र मर्यादित बनाउँछ ।
- प्रचार प्रसारमा अनुचित प्रतिस्पर्धा र स्रोतको दुरूपयोग रोक्न मद्धत गर्छ ।
- निर्वाचन आचारसंहीता आयोगले तोकेको मितिदेखि लागु हुन्छ ।
- यो निर्वाचन आयोगले जारी गर्छ ।
- निर्वाचन आचारसंहिता आयोगले तोकेको मितिदेखि लागू हुन्छ ।

## निर्वाचन आचारसंहिता किन ?

- प्रचार प्रसारमा अनुचित प्रतिस्पर्धा र स्रोतको दुरूपयोग रोक्न ।
- निर्वाचनलाई कम खर्चिलो र मर्यादित बनाउन ।
- स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढङ्गबाट संविधानसभा सदस्यको निर्वाचन सम्पन्न गर्न ।

## निर्वाचन आचारसंहिताको पालना क-कसले गर्नुपर्दछ ?

(क) राजनीतिक दल तथा उम्मेदवारहरू,

(ख) राजनीतिक दल वा उम्मेदवारका तर्फबाट प्रचारप्रसारमा संलग्न व्यक्तिहरू,

(ग) नेपाल सरकार,

(घ) सरकारी, अर्धसरकारी, संस्थान, स्थानीय निकाय तथा निर्वाचन कार्यमा संलग्न कर्मचारी,

(ङ) सरकारी, अर्धसरकारी र स्थानीय निकायका कार्यालय/संस्था,

(च) सरकारी तथा निजी आमसञ्चार माध्यमहरू,

(छ) निर्वाचन पर्यवेक्षण संस्थाहरु ।

## निर्वाचन खर्च

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारले जम्मा दश लाख रुपैंयासम्म खर्च गर्न सक्नेछ ।

(ख) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले आफूले पेश गरेको बन्द सूचीमा उम्मेदवारी दिएको उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार रु. पचहत्तर हजारका दरले हुन आउने रकमसम्म खर्च गर्न सक्नेछ ।

## निर्वाचन आचारसंहिताको अवहेलना विरूद्ध उजुरी र सजाँय

- राजनीतिक दल, उम्मेदवार कुनै व्यक्तिले मौखिक वा विद्युतीय सञ्चार माध्यमबाट वा लिखित रूपमा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोली वा निर्वाचन आयोगमा निवेदन दिन सक्नेछ ।
- आचारसंहिता पालना गरे/नगरेको निर्वाचन आयोग वा आयोगले खटाएका व्यक्तिले अनुगमन गर्नेछन् ।
- आचारसंहिता पालना नगरेको पाइएमा दण्डसजाँय हुन्छ ।

## निर्वाचन आचारसंहिता पालना नगरेमा के हुन्छ ?

- सम्बन्धित पक्षले आचारसंहिता पालना नगरेमा वा सो उल्लङ्घन गरेमा त्यस्तो काम रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित पक्षलाई आदेश दिनसक्छ । त्यस्तो आदेशको पालना नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई एक लाख रूपियाँसम्म जरिवाना हुन सक्छ ।

- आचारसंहिता पटकपटक उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र निष्पक्ष तबरबाट हुन नसक्ने कुरा आयोगलाई लागेमा उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्छ ।
- निर्वाचनका काममा संलग्न कर्मचारीलाई निजहरूको सेवा शर्तसम्बन्धी प्रचलित कानुनबमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी आयोगले विभागीय कारवाही र सजाँय गर्न सक्छ ।
- माथि उल्लेख भएबमोजिम बाहेकका कुनै कर्मचारी वा पदाधिकारीले निर्वाचनको कामका सम्बन्धमा प्रचलित कानुन वा आयोगले दिएको निर्देशन विपरीत काम गरेमा आयोगले प्रचलित कानुन बमोजिम विभागीय कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र सम्बन्धित निकायले विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।

# नेपाल सरकार, सरकारी/अर्धसरकारी संस्था/संस्थान तथा कर्मचारीले पालना गर्नुपर्ने आचरण

**नेपाल सरकार, सरकारी/अर्धसरकारी संस्था/संस्थान तथा कर्मचारीले देहायको आचरणहरू पालना गर्नुपर्नेछ :**

- नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायले नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न वा स्वीकृत गर्न वा योजना कार्यान्वयन गर्न वा सञ्चालन गर्न वा सो प्रयोजनका लागि

जनशक्ति तथा स्रोत, साधनको परिचालन गर्नु गराउनु हुँदैन । तर यो आचारसंहिता लागू हुनु अगावै स्वीकृत भएको योजना कार्यान्वयन गर्न वा सञ्चालन गर्न वा त्यस्तो योजनालाई निरन्तरता दिन बाधा पुगेको मानिने छैन ।

- सरकारी, सरकारी नियन्त्रण वा स्वामित्वमा रहेका निकाय वा स्थानीय निकायले कुनै पनि योजनाको शिलान्यास गर्ने वा उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, सुरू गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा अनुदान दिने जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन । तर प्राकृतिक प्रकोपको कारणबाट काबु बाहिरको परिस्थिति सिर्जना भई मानवीय आधारमा सहयोग पुऱ्याउन कुनै कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न बाधा पुगेको मानिने छैन ।
- नेपाल सरकारका मन्त्रीहरू तथा राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूले सरकारी कामका लागि भ्रमण, निरीक्षणमा जाँदा वा अन्य कुनै सरकारी काममा संलग्न रहँदा निर्वाचनको प्रचार प्रसारमा संलग्न रहनु हुँदैन । तर दलीय भावनाले प्रेरित भई प्रचार प्रसार गर्नबाहेक संविधानसभाको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न बाधा पुगेको मानिने छैन ।
- निर्वाचनमा उम्मेदवार भएका बाहेक अरू मन्त्री वा व्यवस्थापिका-संसद्का सदस्यहरू मतदान गर्न बाहेक मतदान केन्द्रभित्र प्रवेश गर्नु हुँदैन ।

- मन्त्री वा निजका सल्लाहकारहरू वा राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूको प्रयोग गर्ने सरकारी साधन, अन्य साधन, स्रोत र सहुलियत राजनीतिक दल वा राजनीतिक दलका उम्मेदवार वा स्वतन्त्र उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्नु गराउनु हुँदैन तर प्रधानमन्त्रीको पदीय दायित्व र सुरक्षालाई दृष्टिगत गरी निजको भ्रमणको सिलसिलामा प्रयोग हुने सरकारी सवारी साधनको हकमा यो बन्देज लागू हुने छैन । यस्तो सवारी साधनमा निर्वाचन प्रचार प्रसारमा संलग्न राजनीतिक दलका व्यक्तिलाई समावेश गरिनु हुँदैन ।
- नेपाल सरकार, नेपालको सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायमा कार्यरत कर्मचारीहरूलाई नेपाल सरकार वा अख्तियारवाला कुनै पनि पदाधिकारीहरूले कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार प्रसारको काममा वा निर्वाचन परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।
- नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह वा त्यस्तै अन्य साधन र सुविधालाई कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचनको प्रचार प्रसारमा संलग्न अन्य व्यक्तिहरूलाईसमेत प्रयोग गर्न दिनु हुँदैन ।
- नेपाल सरकार, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका प्रमुख वा कर्मचारीले आफ्नो

कुनै पनि किसिमको स्रोत, साधन कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार प्रसारको लागि उपलब्ध गराउनु हुँदैन ।

- सरकारी, अर्धसरकारी संस्था तथा स्थानीय निकायमा कार्यरत कुनै पनि कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक र सुरक्षाकर्मीहरूलाई निर्वाचन सम्बन्धी काममा बाहेक अन्यत्र सुरूवा गर्न, काजमा खटाउन, बढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्नुहुँदैन ।
- नयाँ पदको सिर्जना गर्न, विज्ञापन गर्न वा तलब भत्ता वृद्धि गर्न वा ग्रेड, पुरस्कार वा यस्तै अन्य सुविधा र सहुलियत प्रदान गर्नु हुँदैन ।
- निर्वाचनको परिणाम घोषणा भएको पन्ध दिनसम्म निर्वाचन अधिकृत नियुक्त भई काम गरेका कर्मचारीहरूलाई सरूवा गर्नु हुँदैन ।
- स्थानीय प्रशासनले मतदानको तीन दिन अगाडि र तीन दिन पछाडिसम्म मादक पदार्थको बिक्री वितरण र सेवनमा रोक लगाउने व्यवस्था गर्नुपर्नेछ । साथै उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषण भएको मितिसम्म बेलुकी आठ बजेपछि मादक पदार्थ बिक्री गर्न बन्द गर्ने ब्यवस्था गर्नुपर्नेछ ।
- निर्वाचनमा संलग्न रहने कर्मचारी, सुरक्षाकर्मीले कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नलागी आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रूपमा पालना गर्नुपर्नेछ ।

- निर्वाचन अधिकृत, मतदान अधिकृत वा मतदान केन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत कर्मचारी वा पदाधिकारी वा अनुगमनमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी वा स्वयंसेवक वा पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा कानुन बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउनु हुँदैन ।
- निर्वाचनको कार्यक्रम प्रकाशन भएपछि निर्वाचन समाप्त नहुन्जेलसम्म मुलुकलाई प्रतिनिधित्व गर्ने गरी विदेश भ्रमणमा जाने सरकारी प्रतिनिधिमण्डल बाहेक अन्य प्रयोजनका लागि नेपाल सरकार वा कुनै सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय वा स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जान पाइने छैन ।

## निर्वाचन आचारसंहिता कसरी कार्यान्वयन गरिन्छ ?

- निर्वाचन आयोगले तोकेको मितिदेखि निर्वाचन आचारसंहिता लागू हुन्छ । निर्वाचन आयोगले आवश्यकताअनुसार जिल्ला, क्षेत्र र केन्द्रस्तरमा अनुगमन टोलीहरू गठन गरी जाँचबुझ र अनुगमन गराउँछ ।
- आचारसंहिता उल्लङ्घनसम्बन्धी जानकारी वा निवेदन निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय तथा निर्वाचन आयोगबाट खटिएका अनुगमन टोलीसमक्ष दिनुपर्छ ।

- आचारसंहिता उल्लङ्घनसम्बन्धी जानकारी/निवेदन प्राप्त भएमा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयले सोको रोकथामका लागि स्थानीय प्रशासन वा प्रहरीलाई लेखी कार्यान्वयन गर्न लगाउनुपर्छ ।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको देखिए/बुझिए वा जानकारी प्राप्त भएमा स्थानीय प्रशासन वा प्रहरीले तत्कालै कारवाही गरी रोकथाम गर्नुपर्छ ।
- आचारसंहिता पालन सम्बन्धमा जाँचबुझ वा अनुगमन गर्दा कसैबाट आचारसंहिताको पालना नभएको एवम् उल्लङ्घन भएको पाइएमा त्यस्तो काम तुरून्त रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्छ ।

## के-के गर्न पाइन्छ ? के गर्न पाइदैन ?

### प्रचार प्रसार :

१. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, जनतामा निहित राजकीय सत्ता, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, मानव अधिकार र स्वतन्त्र न्यायप्रणालीको प्रतिकूल हुने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

४. कुनै धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

५. प्रचार-प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा शिष्ट र मर्यादित हुनु पर्नेछ ।

६. निर्वाचनको प्रचार प्रसारमा कुनै पनि प्रकारको प्लाष्टिकको सामग्री प्रयोग गर्न पाइने छैन ।

७. प्रचार-प्रसारको क्रममा बढीमा ७५ ग्रामसम्मको कागजमा बढीमा कुल क्षेत्रफल १८० वर्ग इन्च आकारको पर्चा मात्र प्रयोग गर्न पाइनेछ । यस्तो पर्चा छपाउँदा एक रङ्गमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पर्चामा मुद्रकको नाम र ठेगाना उल्लेख गरेको हुनुपर्नेछ ।

८. निर्वाचन प्रचार-प्रसारको क्रममा कुनै पनि पोष्टर टाँस्न वा वितरण गर्न, भित्ते लेखन गर्न, तुल र ब्यानर प्रयोग गर्न गराउन हुँदैन ।

९. धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवनको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन ।

१०. कसैको निजी घर कम्पाउन्ड, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरुमा घरधनीको स्वीकृति नलिई कुनै पनि किसिमको पर्चा टाँस्न हुदैन ।

११. निर्वाचनको प्रयोजनको लागि टाँसिएको पर्चा वा निर्वाचन चिन्हलाई अर्को राजनीतिक दल वा उम्मेदवारका तर्फबाट केरमेट गर्न, उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन ।

१२. निर्वाचनको प्रचार-प्रसारको क्रममा कसैले पनि कसैको

पुत्ला लिएर हिँड्न वा पुत्ला जलाउने कार्य गर्नु गराउनु हुँदैन ।

१३. निर्वाचनको प्रचार-प्रसारको क्रममा हात-हतियार, विष्फोटक पदार्थ लिएर हिँड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गर्न गराउन हुँदैन ।

१४. नेपाल सरकार, नेपाल सरकारको स्वामित्वमा वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकाय वा कुनै परियोजना अन्तर्गतका सवारी साधनहरू, अन्य साधनहरू वा सम्पतिलाई राजनीतिक दल वा उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

**जुलुस तथा आमसभा :**

१५. सार्वजनिक आवागमनमा अवरोध पर्ने गरी जुलुस, आमसभा गर्नु गराउनु हुँदैन ।

१६. राजनीतिक दल वा उम्मेदवार वा तिनका समर्थकहरूले अरु दल वा उम्मेदवारहरूले आयोजना गरेको जुलुस वा आमसभा विथोल्न वा बाधा पुऱ्याउनु हुँदैन ।

१७. जुलुस तथा आमसभामा भाग लिने व्यक्तिहरूले हातमा बढीमा १०" ×१८" सम्म आकारको झण्डा लिन सक्नेछन् तर निर्वाचन प्रचार प्रसारको लागि प्रयोग गरिने सवारी साधनमा वा आमसभास्थलमा सो भन्दा बढी आकारको झण्डा प्रयोग गर्न सकिनेछ ।

१८. नेपाल सरकार वा स्थानीय प्रशासनले सार्वजनिक सुरक्षा र हितका निमित्त प्रचलित कानुन बमोजिम निषेध गरेको समय र स्थानमा कुनै पनि जुलुस, ¥याली, आमसभा वा प्रचार-प्रसारको अन्य कार्यक्रमको आयोजना गर्नु गराउनु हुँदैन ।

१९. जुलुस, ¥याली, आमसभा जस्ता प्रचार प्रसारका कार्यक्रम विहान ७ बजेदेखि साँझ ७ बजेसम्म बाहेक अरु समयमा गर्न पाइने छैन ।

२०. जुलुस, ¥याली वा आमसभा गर्दा गराउँदा सोको समय, मिति, रूट र स्थानका बारेमा स्थानीय प्रशासनलाई कम्तीमा २४ घण्टा अगावै अग्रिम जानकारी गराएर मात्र गर्नु पर्नेछ । तय भइसकेको मार्ग स्थानीय प्रशासनको अनुमति बेगर फेरबदल गर्न पाइने छैन ।

२१. कुनै दुई वा सो भन्दा बढी राजनीतिक दल वा उम्मेदवारले एउटै समय, स्थान र मार्गमा जुलुस, ¥याली, आमसभा आयोजना गर्न पाउने छैन । यस प्रयोजनको लागि स्थानीय प्रशासनले दिएको सहमति अनुसार सम्बन्धित दल वा उम्मेदवारले जुलुस, ¥याली वा आमसभाको आयोजना गर्नु पर्नेछ ।

२२. मसाल जुलुस र कुनै पनि हात-हतियारसहितको जुलुस निकाल्न पाइने छैन ।

२३. कुनै पनि किसिमको जुलुस, ऱ्याली वा आमसभा सञ्चालन गर्दा बालवालिकालाई सहभागी गर्न गराउन वा निर्वाचनको प्रचार-प्रसार लगायत निर्वाचनसँग सम्बन्धित कुनै पनि गतिविधिमा बालवालिकालाई प्रयोग गर्न गराउन हुँदैन ।

२४. मतदानको दिन भन्दा ४८ घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म जुलुस निकाल्न, नारा लगाउन वा राजनीतिक दल वा दलसँग आवद्ध संस्थाको झण्डा वा निर्वाचन चिन्ह वा प्रचारप्रसार हुने गरी कुनै सामग्री प्रदर्शन गर्न वा अन्य कुनै पनि प्रकारले प्रचार-प्रसार गर्नु गराउनु हुँदैन ।

२५. जनसाधारणको हितमा प्रतिकूल असर नपर्ने गरी निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि वाहेक अन्यत्र माइक तथा लाउडस्पिकर र यस्तै ध्वनी उत्पन्न गर्ने यन्त्र प्रयोग गर्न हुँदैन ।

## सवारी साधनको प्रयोग

२६. निर्वाचनको प्रचार-प्रसारको लागि हवाईजहाज तथा हेलिकप्टर जस्ता महँगा सवारी साधनको प्रयोग गर्नु गराउनु हुँदैन ।

२७. उम्मेदवारले निर्वाचन प्रचार-प्रसारका लागि एक निर्वाचन क्षेत्रमा एउटा हलुका सवारी साधन मात्र प्रयोग गर्न पाउनेछ ।

तर त्यस्ता सवारी साधन नचल्ने निर्वाचन क्षेत्रमा बढीमा दुईवटासम्म घोडा प्रयोग गर्न पाउनेछ ।

२८. राजनीतिक दलले निर्वाचन प्रचार-प्रसारका लागि एउटा जिल्लामा बढीमा दुईवटासम्म हलुका सवारी साधन प्रयोग गर्न पाउनेछ ।

२९. राजनीतिक दल वा उम्मेदवारहरूले निर्वाचनको क्रममा प्रयोग गर्ने सवारी साधनको विवरण निर्वाचन अधिकृतलाई लिखित रूपमा दिनुपर्नेछ ।

३०. मतदानको दिन मतदाताहरूलाई हवाईजहाज, हेलिकप्टर, बस, ट्रक, जीप वा अन्य कुनै सवारी साधनबाट ओसार-पसार गर्नु, गराउनु हुँदैन तर हिंडडुल गर्न नसक्ने अशक्त मतदाताले आयोग वा सम्वन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले तोकिदिएको सवारीसाधन प्रयोग गर्न सक्नेछ ।

## अनुचित प्रभाव तथा अवरोध

३१. कसैले पनि कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारीमा रहेका सुरक्षाकर्मीलाई आफ्नो कर्तव्यपालन गर्नबाट विचलित गर्नु गराउनु हुँदैन ।

३२. कसैले पनि मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा धम्काउने जस्ता काम गरी निजको इच्छा विपरीत मतदान गर्न वा नगर्न बाध्य गर्नु गराउनु हुँदैन ।

३३. कसैले पनि कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी कुनै पनि उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्न गराउन हुँदैन ।

३४. निर्वाचन विथोल्ने वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्नु गराउनु हुँदैन ।

३५. कुनै राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको प्रचार प्रसारको कार्यक्रममा कुनै व्यक्ति वा समूहले वाधा अवरोध पुऱ्याएमा निजहरूउपर प्रचलित कानुन बमोजिम कारवाही गर्न स्थानीय प्रशासनलाई मौखिक अनुरोध गर्ने वा निवेदन दिनु पर्नेछ । राजनीतिक दल, उम्मेदवार, कार्यकर्ता वा समर्थक आफैँले त्यस्ता व्यक्तिउपर कुनै किसिमको कारवाही गर्नु हुँदैन ।

३६. मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट वन्चित गराउने अभिप्रायले कुनै पनि किसिमले अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

३७. कुनै पनि राजनीतिक दल वा उम्मेदवारले वा निजका प्रतिनिधि वा कार्यकर्ताले वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई

मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्री जबर्जस्ती कब्जामा लिनु वा खोस्नु वा नास्नु हुँदैन ।

३८. मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी वा कुनै पनि किसिमको उपहार लिनु र दिनु हुँदैन ।

३९. मतदातालाई प्रभाव पार्ने उद्देश्यले भोज-भतेरको आयोजना गर्न गराउन र मादक पदार्थको सेवन गरी निर्वाचनको प्रचार-प्रसार गर्नु गराउनु हुँदैन ।

## दायित्व र जिम्मेवारी

४०. कुनै राजनीतिक दल वा उम्मेदवारको आलोचना गर्दा त्यस्तो दल वा उम्मेदवारको नीति तथा कार्यक्रममा मात्र सीमित रहनु पर्नेछ ।

४१. आफ्नो कार्यकर्ता तथा समर्थकहरुलाई निर्वाचनसम्बन्धी आचारसंहिताको पूर्ण रूपमा जानकारी गराई सोको पालना गर्न गराउन लगाउनु पर्नेछ । आफ्ना कार्यकर्ता वा समर्थकबाट आचारसंहिता उल्लंघन भएमा सोको जिम्मेवारी सम्बन्धित दल र उम्मेदवारले लिनु पर्नेछ ।

४२. निर्वाचनको क्रममा निर्वाचन सम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकाहरूमा भएका व्यवस्थालाई पूर्णरूपमा पालना गर्नु गराउनु पर्नेछ ।

४३. मतदान केन्द्र र त्यसको वरिपरि निर्वाचनको प्रचार-प्रसारसँग सम्बन्धित कुनै कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा

लेख्न लगाउनुसमेत हुँदैन । यदि कुनै प्रचार-प्रसार सामग्री टाँसेको वा लेखिएको भएमा सम्बन्धित राजनीतिक दल वा उम्मेदवारले मतदान कार्य शुरु हुनु अगाडि त्यस्ता सामग्री हटाउनु पर्नेछ । तर निर्वाचन आयोगले उपलब्ध गराएको मतदाता जागरण सम्बन्धी सामग्री टाँस्न बाधा पुगेको मानिने छैन ।

४४. मतदानको दिन कसैले पनि कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित कुनै पनि किसिमको पहिरन, पोशाक, टोपी, स्टीकर, लोगो, झोला आदिको प्रयोग गर्न पाउने छैन ।

४५. निर्वाचन आयोगद्वारा वितरित मतदाता शिक्षा सम्बन्धी प्रचार सामग्री वा सूचनालाई कसैले बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत गर्न हुँदैन ।

# निर्वाचन पर्यवेक्षण आचार संहिता

निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्नका लागि पर्यवेक्षकले पालना गर्नुपर्ने निम्न आचारसंहिता बनाएको छ ।

१. पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनुपर्नेछ ।

२. मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा पर्यवेक्षकले शिष्टतापूर्वक व्यवहार

गर्नुपर्नेछ ।

३. निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कुनै कार्य गर्न हुँदैन साथै आयोगका अन्य पदाधिकारीहरू, निर्वाचन कार्यमा संलग्न कर्मचारीहरूलगायत मतदाताहरूको सम्मान गर्नुपर्दछ ।

४. मतदान अधिकृत वा निर्वाचन अधिकृतहरूले मतदान केन्द्र र मतगणनास्थललाई सुव्यवस्थित गर्न आवश्यक ठानी अनुरोध गरेमा पर्यवेक्षकले सोको पालना गर्नुपर्दछ ।

५. निर्वाचन पर्यवेक्षण गर्दा स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठतापूर्वक गर्नु पर्नेछ । कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्न हुँदैन ।

६. पर्यवेक्षकहरूले निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु हुँदैन ।

७. कुनै राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकहरूले पोशाक, चिन्ह, व्याज लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचार-प्रसार वा प्रदर्शन गर्न पाउने छैनन् ।

८. निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई अनावश्यक सल्लाह दिन, गलत ढंगको सूचना दिन र कानुनको अपव्याख्या गर्न पाउने छैनन् ।

९. निर्वाचन सम्बन्धी विवादहरू समाधान गर्न, विवाद

समाधान गर्ने हेतुले लिखित बयान दिन र निर्वाचन परिणाम आधिकारिक रूपमा घोषणा हुनु अगावै प्रमाणित तबरले प्रसार गर्न पाउने छैनन् ।

१०. पर्यवेक्षकहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्ने भएकाले उनीहरूले आफूलाई चाहिने साधन र स्रोतको व्यवस्था आफैं मिलाउनु पर्दछ । तर सवारी पास भने आवश्यकता अनुसार निर्वाचन अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

११. मतदातासँग आवश्यक सामान्य जानकारी लिन सक्नेछन् । तर मतदाताको गोप्यता भङ्ग हुने वा मतदानको निष्पक्षतामा आँच आउने एवम् मतदान कार्य वा क्षेत्रमा वाधा उत्पन्न हुने किसिमबाट कुनै कार्य गर्नु हुँदैन ।

१२. पर्यवेक्षकहरूले चाहेमा मतगणना प्रक्रिया एवम् मतपेटिकाको सम्बन्धमा निर्वाचन अधिकृतबाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन् ।

१३. पर्यवेक्षकहरूले निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नुअघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न पाउने छैनन् ।

१४. निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधानबारे सञ्चार माध्यमहरूमा टिका-टिप्पणी गर्न पाउने छैनन् तर ती पालना गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आफ्नो प्रतिवेदनमा औंल्याउन पाउने छन् ।

१५. पर्यवेक्षणको क्रममा कुनै मतदान केन्द्र वा वरिपरि कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई मतदाताहरूलाई मतदानबाट वञ्चित गर्ने कार्य आदि भएको महसुस गरेमा सो सम्बन्धी जानकारी तुरुन्त निर्वाचन अधिकृत/मतदान अधिकृत/निर्वाचन आयोगलाई गराउनु पर्नेछ ।

१६. पर्यवेक्षण अवधिमा संकलन गरेका सूचनाहरू वास्तविक र सत्य हुनुपर्दछ ।

१७. निर्वाचन पर्यवेक्षणको समीक्षा गर्दा वा प्रतिवेदन दिंदा निर्वाचन प्रक्रियामा प्रभाव पार्ने समग्र तत्वहरूको विश्लेषण गरी यथार्थपरक र फराकिलो (Realistic, Accurate and Comprehensive) दृष्टिकोण राख्नु पर्नेछ ।

१८. निर्वाचन पर्यवेक्षण कार्य पूरा भएपछि ३० दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीन महिनाभित्र अन्तिम प्रतिवेदन निर्वाचन आयोगमा दिनु पर्नेछ ।

# राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) को परिचय

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति, नेपालको निर्वाचन प्रणालीको निष्पक्ष रूपमा अनुगमन, मूल्यांकन र सुपरीवेक्षण गर्ने उद्देश्यले मानवअधिकार, सञ्चार, कानुन, प्राध्यापन, समाजसेवा, चिकित्सा, गैरसरकारी संघ-संस्थालगायत विभिन्न क्षेत्रमा वकालत गर्दै आएका अधिकारकर्मीहरूको स्वतःस्फूर्त प्रयासबाट २०४८ सालमा गठन भएको स्वतन्त्र तथा कुनै पनि राजनीतिक दल तथा त्यसको भ्रातृ संगठनसँग सम्बद्ध नभएको एक स्वायत्त संस्था हो ।

२०४६ सालको ऐतिहासीक राजनीतिक परिर्वतन पछि स्थापित नियोकले वि. सं. २०४८ र सोपछि सम्पन्न सबै निर्वाचन प्रणालीको अनुगमन, मूल्यांकन र पर्यवेक्षण गर्ने कार्यमा आफ्नो सहभागिता देखाउँदै निष्पक्ष तथा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। नियोकद्वारा साथै ६ वटा क्षेत्रीय समिति, ७५ वटा जिल्ला समिति मार्फत आसन्न संविधानसभाको निर्वाचनको पर्यवेक्षणका लागि कम्तिमा १०,००० निर्वाचन पर्यवेक्षक र सोही संख्यामा स्वंयसेवक परिचालन गर्ने उद्देश्य लिएको छ । नियोक एक बृहत् महासञ्जाल भएको तथा विभिन्न महासंघहरू र गैर-सरकारी संस्थाहरू आबद्ध भएकाले निर्वाचन पर्यवेक्षणको क्रममा एकरूपता ल्याउनु अपरिहार्य छ । आबद्ध सम्पूर्ण संस्थाहरूको

कार्यमा एकरूपता कायम गर्नको लागि निम्नअनुसारको आचारसंहिता-२०७० तयार गरी लागू गरिएको छ :

- आवद्ध सम्पूर्ण सदस्यसंस्थाहरूका लागि र
- निर्वाचन पर्यवेक्षकका लागि

# नियोकको निर्वाचन पर्यवेक्षण आचारसंहिता

## परिचय :

जनताको अभिमत संकलन गर्ने निर्वाचन जस्तो अत्यन्त सम्बेदनशील कार्यमा निर्वाचन पर्यवेक्षणलाई अनुशासित, मर्यादित र विश्वसनीय बनाउनको लागि नियोकले साझेदार आवद्ध संस्थाहरू, केन्द्रीय कार्यसमिति, सचिवालय, क्षेत्रीय समिति, जिल्ला समिति तथा सम्पूर्ण पर्यवेक्षकहरूका लागि नियोक गठन भएकै मितिदेखि लागू हुनेगरी यो आचारसंहिता जारी गरेको छ ।

## नियोक आवद्ध संस्थाहरूको लागि

१. कुनै पनि राजनीतिक दलको दलीय स्वार्थभन्दामाथि उठी कुनै पनि आग्रह-पूर्वाग्रहहरू राख्ने छैन ।

२. सबै उम्मेदवार र निर्वाचनमा सहभागी सबै उम्मेदवार र सबै राजनीतिक दलहरूप्रति समान व्यवहार र आदरभाव राख्नुपर्दछ ।

३. हरेक आचार व्यवहारले निष्पक्षता र तटस्थतामाथि आँच पुऱ्याउनु हुँदैन ।
४. निर्वाचन आयोगले तोकेको आचारसंहिता र निर्वाचन सम्बन्धी ऐन, कानुन र नियमको पूर्णरूपमा पालना गर्नुपर्दछ ।
५. निर्वाचनसँग सम्बन्धित निर्वाचन आयोग, नेपाल सरकारका सम्बद्ध निकाय तथा स्थानीय निर्वाचन अधिकारीसँग पेशागत सम्बन्ध स्थापित गर्नुपर्दछ ।
६. निर्वाचन पर्यवेक्षणसँग सम्बद्ध अन्य संस्थाहरूसँग साझेदारी र सहकार्य गर्नुपर्नेछ ।
७. प्राप्त भएका विभिन्न तथ्य तथा सूचनाहरूको निष्पक्षता सुनिश्चित गरी र प्रमाणीकरणपछि मात्र प्रकाशन गर्नुपर्नेछ ।
८. निर्वाचन प्रक्रियामा हस्तक्षेप हुने वा आँच आउने कुनै पनि क्रियाकलाप सञ्चालन गरिनुहुँदैन ।
९. निर्वाचनअघि, निर्वाचनको अवधि र निर्वाचनपश्चात् प्रतिस्पर्धी कुनै राजनीतिक दल, उम्मेदवार र उनीहरूका प्रतिनिधि, निर्वाचन अधिकारी वा प्रशासन र शान्तिसुरक्षा कायम गर्ने निकायहरूमध्ये कसैले निर्वाचन कानुन र आचारसंहिता उल्लंघन गरेको घटना फेला परेमा सम्पूर्ण तात्विक र अर्थपूर्ण प्रमाणहरू संकलन गरी शंकारहित रूपमा पुष्टि गरी प्रकाशन गर्नुपर्नेछ । शंकारहित रूपमा पुष्टि नभएका घटनाहरू नियोक सचिवालयबाट स्पष्ट

भाषामा प्रमाण जुटाइँदैछ भन्ने व्याख्यासहितको पूर्वस्वीकृति प्राप्त गरेपछि प्रकाशन गर्न सकिनेछ ।

१०. निर्वाचन परिणामलाई असर पार्ने कुनै पनि प्रकारको डर, धाक, धम्की, बल वा हिंसाको प्रयोग वा स्वच्छ र निष्पक्ष मतदानलाई असर पार्ने कुनै पनि क्रियाकलाप निर्वाचन अघि, निर्वाचन अवधिभर वा निर्वाचनपश्चात्का तथ्यहरूलाई शंकारहित तवरले पुष्टि हुन आएमा प्रकाशन गर्नुपर्नेछ ।

११. निर्वाचनको दिनको पर्यवेक्षण प्रतिवेदन सकभर छिटो माध्यमद्वारा सोही दिन कुनै ढिलासुस्तीबिना नियोक सचिवालयमा पठाउनुपर्नेछ ।

१२. अन्तिम निर्वाचन पर्यवेक्षण प्रतिवेदन जतिसक्दो छिटो नियोक सचिवालयमा बुझाउनु पर्नेछ तर निर्वाचन समाप्त भएको एक हप्ताभन्दा बढी समय लगाउनु हुँदैन ।

१३. प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नियोकका कार्यमा नकारात्मक असर पर्ने कुनै पनि प्रकारका क्रियाकलापबाट टाढा रहनुपर्नेछ । ती क्रियाकलापहरूमा गलत सूचनाको प्रवाह, आधाररहित हल्ला, राजनीतिक पूर्वाग्रहको सूचना, भ्रष्टाचार वा नियोक विरूद्धको कुनै गलत कार्य आदिसमेत पर्दछन् ।

१४. बैधानिक गुनासो तथा सरोकारका विषयहरू स्थापित संयन्त्रहरू जस्तै नियोक कार्यकारी समितिको आचारसंहिता समितिमा उठाउनुपर्नेछ र सम्पूर्ण आन्तरिक गुनासाहरू

सम्बन्धित प्रक्रिया समाप्त नभएसम्म दाता वा अन्य बाह्य सरोकारवालाहरूलाई दिनु हुँदैन ।

१५. नियोकका सदस्यहरूद्वारा आचारसंहिता पालन नगरेकोबारे कुनै शंका लागेमा आचारसंहिता समितिलाई सूचित गर्नुपर्नेछ ।

## निर्वाचन पर्यवेक्षकहरूका लागि

१. निर्वाचन आयोगले जारी गरेको व्यक्तिगत परिचयपत्र बोक्नुपर्नेछ र सजिलैसित स्पष्ट देखिने ठाउँमा झुण्ड्याउनु पर्नेछ ।

२. कर्तव्यपालनको सिलसिलामा तटस्थतालाई कडाईका साथ अपनाउनुपर्नेछ । कुनै राजनीतिक दल, उनीहरूका उम्मेदवार वा घोषणापत्रप्रति शव्द, व्यवहार वा कुनै इशाराले कुनै प्रकारको अनुग्रह वा पूर्वाग्रह व्यक्त गर्ने छैनन् ।

३. कुनै पनि विवादास्पद मुद्दाको सन्दर्भमा कुनै प्रकारका राजनीतिक बहस, छलफल वा कुनै प्रकारको निर्वाचन प्रक्रियामा भाग लिने छैनन् ।

४. कुनै प्रकारको दलीय चिन्ह, रंग वा व्यानर बोक्ने छैनन् वा त्यस्ता चिन्ह, रंग वा व्यानरप्रति कुनै अपहेलना गर्ने छैनन् ।

५. सबै अवस्थामा तटस्थ रही व्यवहार गर्नेछन् र निर्वाचन प्रक्रिया, कार्यविधि वा मतगणनामा कुनै प्रकारको हस्तक्षेप गर्ने छैनन् ।

६. कुनै प्रकारका अनियमितता या गलत कार्यको बारेमा

निर्वाचन अधिकारीसमक्ष उजुरी गर्दा विनम्र भएर व्यवहार गर्नुपर्नेछ, निर्वाचन अधिकारीलाई निर्देशन वा विवादास्पद निर्णय दिने छैनन् ।

७. सम्पूर्ण निष्कर्ष तथ्यगत, वस्तुगत र प्रमाणित गर्न सकिने भई अभिलेखीकृत हुनु पर्नेछ ।

८. निर्वाचन आयोगले स्थानीय पर्यवेक्षणकर्ताका लागि तोकेको निर्देशिकासहित सम्पूर्ण सम्बद्ध नियम तथा कार्यविधिहरू मान्नु पर्नेछ ।

९. निर्वाचनको अगाडि तटस्थ रही निर्वाचनका विविध क्रियाकलापहरू निरीक्षण गर्न सहभागी हुनु पर्नेछ ।

१०. कुनै पनि दलसित तटस्थ रही सामुदायिक वा क्षेत्रीय मुद्दाहरूको आधारमा मन पराउने वा मन नपराउने जस्ता व्यवहारबाट टाढा रही साम्प्रदायिक भावनाबाट टाढा रही कार्य गर्नु पर्नेछ ।

११. कुनै पनि राजनीतिक दल र उनीहरूका घोषणापत्रप्रति प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अनुग्रह वा पूर्वाग्रह राख्ने छैन ।

१२. पर्यवेक्षहरूले आफ्नो परिचयपत्र हराएमा तुरून्त जिल्ला शाखामा खबर गर्नु पर्नेछ ।

१३. कुनै पनि राजनीतिक दलमार्फत कुनै प्रकारको अनुग्रह स्वीकार गर्ने छैनन् ।

१४. विभिन्न अन्तर्राष्ट्रियस्तरबाट खटिएका पर्यवेक्षकहरूसँग समन्वय र सहयोग गर्ने छन् ।

## आचारसंहिता लागू

१. यो आचारसंहिता नियोक गठन भएका मिति देखि लागू हुनेछ ।

२. यो आचारसंहिता नियोकमा आवद्ध सम्पूर्ण संस्थाहरू, ती संस्थाका पदाधिकारीहरू नियोक सचिवालय, कर्मचारी, नियोकका क्षेत्रीय र जिल्ला शाखाका पदाधिकारी तथा सदस्यहरू र निर्वाचनमा खटिएका पर्यवेक्षकहरूका लागि जारी गरिएको छ ।

३. आचारसंहितामा सहमति जनाइएमा आवद्ध संस्थाहरूले हस्ताक्षर गर्नुपर्नेछ ।

४. आचारसंहितालाई उल्लंघन गरेको स्पष्ट प्रमाण फेला परेमा नियोकको आचारसंहिता समितिले आवश्यक कार्वाही गर्नेछ ।

५. आचारसंहिता पालना गरेको नगरेको नियमित रूपमा नियोकको आचारसंहिता समितिले नियमित रूपमा अनुगमन गर्नेछ ।

# राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) का प्रतिनिधि तथा सदस्यहरूको आचारसंहिता-२०७०

## १. भूमिका

लोकतान्त्रिक राजनीतिक पद्धतिको मूलआधार भनेको स्वतन्त्र, निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित निर्वाचन हो । तर निर्वाचन प्रक्रिया आफैंमा त्रुटिपूर्ण, भ्रष्ट र विश्वास गर्न नसकिने भयो भने बहुदलीय व्यबस्थाअर्न्तगत लोकतन्त्रको प्राप्ति र जगेर्ना गर्न सम्भव हुँदैन । यस अवस्थामा जनताहरूले आफ्ना आवश्यकता र आकांक्षा पूर्तिका लागि अन्य विकल्पहरूको खोजी गर्नुपर्ने बाध्यताको सिर्जना गर्दछ ।

## २. पर्यवेक्षणको महत्व

निर्वाचन विश्वसनीय भएन भने निर्वाचन गर्नुको कुनै तात्पर्य रहन्न । यसका निम्ति समान रूपमा स्वतन्त्र निर्वाचन कार्यविधि, स्वतन्त्र प्रयत्न, यथार्थ छनौट, सरकारी सेवाको पहुँच, सुसूचित हुन पाउने हकको छनौट, कानुनी तथा प्राविधिक सवालहरू, प्रहरी तथा सुरक्षा शक्तिहरूको भूमिका, पर्यवेक्षकको भूमिका र निर्वाचनसम्बन्धी कानुन तथा नियमहरूको समान र निष्पक्ष ब्यवस्थापन हुनु आवश्यक छ ।

उपरोक्त पक्षहरूको समानता, निष्पक्षता तथा स्वतन्त्रता मापनका लागि निर्वाचनमा संलग्न कुनै एक निकाय, राजनीतिक दल र संस्थावाट मात्र पर्यवेक्षण भएमा त्यसको विश्वसनीयता माथि शंका रहन्छ। तसर्थ पर्यवेक्षणमा संलग्न हुने नागरिक समाजको पहुँचले यथार्थको नजिक पुऱ्याउँदछ भने निर्वाचनमा संलग्न पक्षहरूलाई स्वतन्त्र, निष्पक्ष र समानरूपमा निर्वाचनमा भाग लिन नैतिक दायित्व सिर्जना गर्दछ। साथै निर्वाचन पद्धतिको कुनै पनि एक पक्षबाट उल्लंघन हुन गएमा उपचारात्मक कानुनी दायरालाई फराकिलो पार्ने संयन्त्रको विकास हुन्छ भन्ने मान्यतालाई विश्वव्यापीरूपमासमेत आत्मसात् गरिंदै आइएको छ।

## ३. आचारसंहिताको उद्देश्य

आचारसंहिता संस्थागत सदस्य तथा प्रतिनिधिहरूको पर्यवेक्षणको व्यबहारमा आवश्यक नियमन तथा सुपरिवेक्षण गर्नका लागि सबै सदस्यहरूको सहमतिबाट लागू गरिएको दस्तावेज हो। यसले समितिअन्तर्गतका प्रतिनिधिहरूका व्यवहार र आचरणमा आवश्यक नियन्त्रण, नियमित तथा निर्देशित गर्ने मान्यता राख्दछ।

## ४. परिभाषा

- "राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति" भन्नाले राष्ट्रिय निर्वाचनको पर्यवेक्षणका लागि गठित समितिलाई जनाउँदछ । यसपछि यसलाई "समिति" भनिने छ ।
- "पर्यवेक्षक" भन्नाले यस समितिअन्तर्गत सम्बद्ध भई निर्वाचन पर्यवेक्षणका लागि समितिले निर्णय गरी पर्यवेक्षणका लागि खटाइएका प्रतिनिधिहरूलाई मात्र जनाउनेछ ।
- "आचारसंहिता" भन्नाले पर्यवेक्षण कार्यमा संलग्न पर्यवेक्षकहरूका लागि लागू हुने यसै आचारसंहितालाई जनाउँदछ ।

## ५. पर्यवेक्षकका अधिकारहरू

१. संविधानसभा सम्बन्धी सबै प्रकारका निर्वाचन प्रक्रियामा सहभागी हुने ।

२. सबै निर्वाचन क्षेत्रको अवस्था अवलोकन, गणना र पर्यवेक्षणका लागि अन्य आवश्यक जानकारी लिने ।

३. निर्वाचनलाई नकारात्मक प्रभाव नपर्ने गरी निर्वाचनमा संलग्न पदाधिकारी, सुरक्षाकर्मी र राजनीतिक दलका प्रतिनिधिहरूसँग निर्वाचन प्रक्रियाका बारेमा जिज्ञासा राख्न पाउने ।

४. निर्वाचन प्रक्रियाका सन्दर्भमा निर्वाचन आयोगअर्न्तगतका निकायबाट आयोजना हुन लागेका बैठक तथा छलफल कार्यक्रममा सहभागी हुन पाउने ।

५. कुनै निर्वाचन क्षेत्रमा पर्यवेक्षण समन्वयका लागि पर्यवेक्षणमा सहभागी पर्यवेक्षकहरूको बैठक तथा इकाइ खडा गरी पर्यवेक्षणको प्रभावकारीताका लागि आवश्यक समन्वय गर्ने र सो को जानकारी समितिमा गराउने ।

६. राजनीतिक दलहरूले आयोजना गरेको र्‍याली तथा सभाहरूमा राजनीतिक दलको प्रचार प्रचार तथा सहयोग हुने गरी कुनै पनि काम गर्न नपाइने गरी दल तथा तिनीहरूको भ्रातृ संगठनका क्रियाकलापहरूको पर्यवेक्षण गर्ने ।

७. निर्वाचन प्रक्रियाका बारेमा सम्बन्धित निर्वाचन अधिकृत वा आधिकारीक प्रतिनिधिहरूलाई निर्वाचन प्रक्रियाका बारेमा जानकारी गराउने ।

८. पर्यवेक्षण कार्य सम्पन्न भएपछि तोकिएको निर्वाचन क्षेत्रको सम्पूर्ण वस्तुस्थिति र निर्वाचन पर्यवेक्षणका लागि निर्धारित शर्तहरू पूरा गरिएको प्रतिवेदन तोकिएको समय भित्र समितिमा पेश गर्ने ।

९. निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० मा भएका व्यवस्थालाई पालना गर्ने । आचारसंहिता उल्लंघन भएको पाइएमा निर्वाचन आचारसंहिताको अनुसूची ४ वमोजिम सम्बन्धित निर्वाचन कार्यालयमा कारवाहीका लागि उजुरी गर्ने ।

## ६. पर्यवेक्षकले अनिवार्यरूपमा पालना गर्नुपर्ने आचारसंहिताहरु

### ६.१ व्यक्तिगत आचारसंहिता

१. यस समितिको क्रियाकलापलाई सदैव विशुद्ध बनाई राख्न जिम्मेवार प्रतिनिधिको भूमिका निर्वाह गर्नु पर्नेछ ।

२. आफ्नो पेशागत नैतिकता एवं मर्यादालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

३. सामाजिक शिष्टताको सम्मान गर्दै लेखन तथा प्रस्तुति शैली नैतिक, शिष्ट एवम् मर्यादित हुनुपर्छ । भाषाको प्रयोगमा सजगता अपनाउनुपर्छ ।

४. प्रचलित निर्वाचन तथा कुनै पनि कानुनको बर्खिलाप हुने गरी कुनै कार्य गर्न/गराउन पाइने छैन ।

५. राष्ट्रिय, अखण्डता, सार्वभौमसत्ता र सामाजिक सहिष्णुता विरूद्धका क्रियाकलापहरूमा संलग्न हुनु हुँदैन ।

६. तथ्यलाई तोडमरोड गर्ने, अनुचित लाभका लागि दिग्भ्रमित पार्ने तथा तथ्यहीन टिप्पणी सार्वजनिक गर्न/गराउन पाइने छैन ।

७. पर्यवेक्षक कुनै पनि राजनीतिक दल तथा सो को भ्रातृ संगठनको प्रलोभनमा पर्नु हुँदैन तथा ती निकायहरूबाट कुनै पनि प्रकारको दान, दातव्य तथा उपहार ग्रहण गर्नु/गराउनु हुँदैन ।

८. कुनै पनि प्रकारको हात हतियार लिई पर्यवेक्षणमा सहभागी हुन पाइने छैन ।

## ५.२ पेशागत आचारसंहिता

१. पर्यवेक्षणमा सहभागी हुने प्रतिनिधि कुनै पनि राजनीतिक दल तथा संगठनको साधारण तथा सक्रिय सदस्य नभएको हुनुपर्नेछ साथै कुनै पनि राजनीतिक दलको उम्मेदवार हुन पाइने छैन ।

२. अन्य पर्यवेक्षण निकायसँग समन्वय र सद्भाव राख्नु पर्नेछ ।

३. आफू पर्यवेक्षक हो भन्ने जानकारीसहितको परिचयपत्र देखिने ठाउँमा लगाई पर्यवेक्षणमा सहभागी हुनु पर्दछ ।

४. समितिको आधिकारीक निकायबाट अनुमति नलिई पर्यवेक्षणसम्वन्धी कुनै पनि समितिको भनाई तथा धारणा राख्नु तथा व्यक्त गर्नु हुँदैन ।

५. निर्वाचन तथा मतदानको प्रक्रियालाई अवरूद्ध पार्ने कुनै पनि कार्य गर्नु गराउनु हुँदैन ।

६. निर्वाचनमा सहभागी हुने निर्वाचन प्रतिनिधिहरूसँग सद्भाव देखाउनु पर्दछ ।

## ७. आचारसंहिताको उल्लंघन र कारवाही

यस आचारसंहिताको उल्लंघन भएको पाइएमा त्यस्तो प्रतिनिधिलाई समितिबाट निर्णय गरी पर्यवेक्षकको जिम्मेवारीबाट मुक्त गर्न सकिने छ ।

## ८. लागू हुने मिति

यो आचारसंहिता संविधानसभा निर्वाचनको मिति घोषणा भएका दिन देखि नै लागू भई संविधानसभाको निर्वाचनको संपूर्ण प्रक्रिया सम्पन्न भएपछि स्वतः समाप्त हुनेछ ।

## ९. संशोधन

समितिको निर्णयानुसार आवश्यकता अनुरुप यसलाई संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

# संविधानसभा: निर्वाचन प्रणाली र प्रक्रिया

संविधानसभाको गठन देहाय बमोजिम हुने *(२०६४/१/८ को सहमति अनुसार संशोधित)* व्यवस्था छ :

- प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसारको निर्वाचित सदस्य - २४० जना ।
- सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने सदस्य- ३३५ जना ।
- राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्बाट मनोनयन हुने सदस्य- २६ *जना (मनोनित हुने २६ जनामा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी-जनजातिमध्येबाट समेत समावेश गर्ने गरी संशोधन गर्ने ।)*
- जम्मा सदस्य संख्या- ६०१ जना

| | |
|---|---|
| **मधेशी** | **३१.२ प्रतिशत** |
| **दलित** | **१३ प्रतिशत** |
| **उत्पीडित जाति/आदिवासी जनजाति** | **३७.८ प्रतिशत** |
| **पिछडिएको क्षेत्र** | **४ प्रतिशत** |
| **अन्य** | **३०.२ प्रतिशत** |
| **जम्मा प्रतिशत** | **११६.२** |

***नोट*** *: कतिपय उम्मेदवारहरूले एक भन्दा वढी समूहको प्रतिनिधित्व गर्ने भएको हुँदा सबै समूहको उम्मेदवारको प्रतिशत जोड सय भन्दा वढी प्रतिशत देखिन आएको हो ।*

- माथिका पाँच वटा समूहबाट समानुपातिक प्रणालीमा आधा अर्थात् ५० प्रतिशत महिला हुनुपर्छ। दुवै निर्वाचन प्रणालीबाट कम्तिमा एक तिहाई महिला सदस्यले जितेको हुनुपर्छ ।
- माथिका पाँचवटै समूहबाट महिला र पुरूष गरी मजदूर, उत्पीडित समूह, किसान र अपाङ्गलाई समेत प्रतिनिधित्व गराउनुपर्छ ।
- पहिलो हुनेले जित्ने निर्वाचनका लागि उम्मेदवार तय गर्दा हरेक दलले समावेशी सिद्धान्तलाई जोड दिनुपर्ने कानुनी प्रावधान रहेको छ ।
- पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीमा उम्मेदवारी दिएको व्यक्ति समानुपातिक प्रणालीमा उम्मेदवार हुन पाउँदैन ।
- उम्मेदवारको बन्दसूची संविधानसभाको कार्यकालभरी कायम रहन्छ र कुनै कारणले समानुपातिक प्रणाली अनुसार निर्वाचित सदस्यको पद रिक्त हुन आएमा यही सूचीबाट सम्बन्धित दलले निर्णय गरी सदस्य पठाउन सक्छ ।

**स्रोतः निर्वाचन आयोग**

# अनुसूची-१

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

उम्मेदवारको बन्दसूचीको लागि उम्मेदवारको प्रतिशत

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | | उम्मेदवारको प्रतिशत |
|---|---|---|---|
| | महिला | | ५० % |
| १. | मधेसी | महिला | १५.६ % |
| | | पुरुष | १५.६ % |
| २. | दलित | महिला | ६.५% |
| | | पुरुष | ६.५% |
| ३. | उत्पीडित जाति/आदिवासी, जनजाति | महिला | १८.९ % |
| | | पुरुष | १८.९ % |
| ४. | पिछडिएको क्षेत्र | महिला | २% |
| | | पुरुष | २% |
| ५. | खस आर्य तथा अन्य | महिला | १५.१ % |
| | | पुरुष | १५.१ % |

**स्पष्टीकरण** : कतिपय उम्मेदवारले एकभन्दा बढी समूहको प्रतिनिधित्व गर्ने भएको हुँदा सबै समूहको उम्मेदवार प्रतिशतको जोड सय भन्दा बढी प्रतिशत देखिन आएको छ ।

**द्रष्टव्य :**

"पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई सम्झनु पर्छ । "खस आर्य तथा अन्य" भन्नाले ब्राम्हण, क्षत्री, ठकुरी, दशनामी सन्यासी तथा यस अनुसूचीमा स्पष्ट उल्लेख नभएका अन्य समूहहरुलाई सम्झनु पर्छ ।

***(स्रोत : निर्वाचन आयोग)***

## बन्दसूचीका लागि उम्मेदवारी दर्ताका विधिहरू

| उम्मेदवारको सङ्ख्या | ३४ | १०० | २०० | ३३५ |
|---|---|---|---|---|
| मधेशी (३१.२%) | ११ | ३१ | ६२ | १०४ |
| दलित (१३%) | ५ | १३ | २६ | ४४ |
| जनजाति (३७.८%) | १३ | ३८ | ७६ | १२७ |
| पिछडिएको क्षेत्र (४%) | १ | ४ | ८ | १३ |
| खस,आर्य तथा अन्य (३०.२%) | १० | ३० | ६० | १०१ |
| महिला (५०%) | १७ | ५० | १०० | १६८ |
| जम्मा (११६.२%) | ४० | ११६ | २३२ | ३८९ |
| साधारण उम्मेदवारहरू(१६.२%) | ६ | १६ | ३२ | ५४ |

*स्रोतः निर्वाचन आयोग*

## बन्दसूचीबाट निर्वाचित हुने उम्मेदवारको छनौट प्रक्रिया

| उम्मेदवारको संख्या | मधेशी ३१.२% | | दलित १३% | | जनजाति ३७.८% | | पिछडिएको क्षेत्र ४% | | खस, आर्य तथाअन्य ३०.२% | | महिला ५०% |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न्यूनतम | अधिकतम | न्यूनतम | अधिकतम | न्यूनतम | अधिकतम | न्यूनतम | अधिकतम | न्यूनतम | अधिकतम | न्यूनतम |
| २५ | ७ | ८ | ३ | ४ | ९ | १० | १ | १ | ७ | ८ | १२ |
| ५० | १५ | १७ | ६ | ७ | १८ | २० | २ | २ | १४ | १६ | २३ |
| १०० | २९ | ३४ | १२ | १४ | ३५ | ४१ | ४ | ४ | २८ | ३३ | ४५ |
| १५० | ४३ | ५१ | १८ | २१ | ५२ | ६२ | ६ | ६ | ४१ | ४९ | ६८ |
| २०० | ५७ | ६८ | २४ | २८ | ६९ | ८३ | ८ | ८ | ५५ | ६६ | ९० |
| ३३५ | ९५ | ११४ | ४० | ४७ | ११४ | १३९ | १३ | १४ | ९२ | १११ | १५१ |

*स्रोतः निर्वाचन आयोग*

# राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)
# National Election Observation Committee (NEOC)
# मतदान केन्द्र अनुगमन नमूना फाराम

## खण्ड-क

| | |
|---|---|
| १. जिल्ला | |
| २. निर्वाचन क्षेत्र | |
| ३. गाविस/नपा | |
| ४. मतदान केन्द्रको नाम | |
| ५. मतदान केन्द्र (बुथ) नं. | |
| ६. पर्यवेक्षकको नाम थर | |
| ७. संस्था | **राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)** |
| ८. हस्ताक्षर | |
| ९. मतदान केन्द्रका जम्मा मतदाता | |
| १०. मतदानकेन्द्रमा पठाइएका कूल मतपत्र<br>१. पहिलो हुने निर्वाचित हुने निर्वाचन समूह<br>२. समानुपातिक समूह | <br><br> |
| ११. मतदाताले मतदान गरेका कूल मतपत्र<br>१. प्रत्यक्ष निर्वाचन समूह (उम्मेदवार)<br>२. समानुपातिक समूह (राजनीतिक दल) | <br><br> |
| १२. बचेका मतपत्र<br>१. पहिलो हुने निर्वाचित हुने निर्वाचन समूह (उम्मेदवार)<br>२. समानुपातिक समूह (राजनीतिक दल) | <br><br> |

| निर्देशन | | | |
|---|---|---|---|
| *कृपया प्रश्नहरू राम्ररी पढ्नुहोस् । उपयुक्त कोठामा (√) चिन्ह लगाउनुहोस् । यदि तपाईले प्रश्नको जवाफ दिन सक्नुहुन्न वा प्रश्न सान्दर्भिक नलागे कोठा खाली राख्नुहोस् ।*<br>*यदि हिंसा वा अनियमिता भएका छन् भने ती कुरालाई फारामको मन्तव्य खण्डमा लेख्नुहोस् वा ठाउँ अपुग भएमा छुट्टै पानामा लेख्नुहोस् र यसै फारामसाथ संलग्न गर्नुहोस् ।* | | | |
| | **मतदान केन्द्र वरिपरिको वातावरण** | छ | छैन |
| १ | के मतदान केन्द्र पायक पर्ने र सार्वजनिक ठाउँमा छ ? | | |
| २ | के मतदान केन्द्र वा त्यसका वरिपरि दल वा उम्मेदवारका प्रचार सामग्रीहरू टाँसिएका छन् ? | | |
| ३ | के मतदातालाई मतदानमा असर पर्ने गरी मतदान केन्द्र वरिपरि केही गतिविधि भएका छन् ? | | |
| ४ | के तपाईलाई मतदान केन्द्रभित्र प्रवेश गरी पर्यवेक्षण गर्न दिइएको छ ? | | |
| ५ | के कसैले तपाईलाई धम्काउने वा दवाब दिने प्रयास गरे ? | | |
| | **मतदान शुरू हुनपूर्व** | **छ** | **छैन** |
| ६ | के मतदान केन्द्रमा आवश्यक पर्ने मतदाता नामावली, मतपत्र, मतपेटिका, मसी आदि सामग्रीहरू यथास्थानमा छन् ? | | |
| ७ | के मतदान अधिकृतले शीलबन्दी गर्नुअघि रित्तो मतपेटिका दलका प्रतिनिधि, पर्यवेक्षक लगायतलाई देखाएका छन् ? | | |
| ८ | के मतदान केन्द्रमा दल वा उम्मेद्वारका प्रतिनिधिको उपस्थिति रहेको छ ? | | |
| ९ | के मतदान केन्द्र समयमै (बिहान ७ बजे) खुलेको छ ? | | |
| | **मतदान प्रक्रिया** | **छ** | **छैन** |
| १० | के मतदान सुरू गर्दा मतदान केन्द्रभित्र खटिएका कर्मचारी, दलका तोकिएका प्रतिनिधि र पर्यवेक्षक वा प्रवेशयोग्य व्यक्तिबाहेक अन्य मानिस उपस्थित थिए ? | | |
| ११ | के मतदान केन्द्रमा प्रवेश गर्ने र बाहिर निस्कने छुट्टाछुट्टै बाटो बनाइएको छ ? | | |
| १२ | के मतदाताहरू लाइनमा उभिएर शान्तिपूर्ण वातावरणमा मतदान केन्द्रभित्र प्रवेश गरेका छन् ? | | |
| १३ | के मतदाताहरूको नाम रूजु गरेर मात्र मतपत्र प्रदान गरिएको छ ? | | |
| १४ | के मतदाताको बायाँ हातको बुढी औंठाको नङमा मतपत्र प्रदान गर्नुअघि मसी लगाइएको छ ? | | |
| १५ | के मतदातालाई दिइएको मतपत्रमा मतदान अधिकृतको सही छ ? | | |
| १६ | के मतपत्रमा छाप लगाउन (मतदान गर्न) गोप्यस्थानको व्यवस्था गरिएको छ ? | | |
| १७ | के पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचनका लागि दुई वटा छुट्टाछुट्टै मतपत्र एक एक गरी दिइएको छ ?<br>(क) छाप लगाउने छुट्टाछुट्टै गोप्य कक्ष (ख) पहिला हुने निर्वाचित हुने (उम्मेदवार) र दोस्रोमा समानुपातिक (दल) | | |
| १८ | के मतदाताले दुवैप्रकारका मतपत्र फरक फरक मतपेटिकामा खसाल्न पाएका छन् ? | | |
| १९ | के मतदाता नामावलीमा नाम उल्लेख भएका मतदातालाई मतदान गर्नबाट वन्चित गराइएको छ ? | | |
| २० | के एकपटक मतदान गरिसकेका मतदाताहरू दोस्रोपटक पनि मतदान गरेका छन् ? | | |
| २१ | के निविदा **(Tendered)** मतपत्रहरू खाममा राखिएको छ ? | | |
| २२ | के निविदा मतपत्र मतपेटिकामा खसाल्न दिइएको छ ? | | |
| | **मतदानपश्चात्** | **छ** | **छैन** |
| २३ | के ५ बजे अगावै लाइनमा बसिसकेका मतदातालाई मतदान गर्न दिइयो | | |
| २४ | के मतदान केन्द्र समयमै (५ बजे) बन्द गरिएको छ ? | | |
| २५ | के ५ बजेपछि आएर पनि लाइनमा बसेका मतदातालाई मतदान गर्न दिइएको छ ? | | |
| २६ | के मतपेटिका राम्ररी शीलबन्दी गरिएको छ ? | | |
| २७ | के प्रयोग नभएका मतपत्रहरू राम्ररी गनेर छुट्टै खाममा शीलबन्दी गरिएका छन् ? | | |
| २८ | के मतपत्र बन्द गर्दा मतपत्र खसाल्ने प्वालमा सुरक्षण शील लगाई मुचुल्का खडा गरियो ? | | |
| | **मतपत्रको लेखाजोखा/मिलान** | **छ** | **छैन** |
| २९ | सही भएर प्रयोगमा नआएका मतपत्रको कूल संख्या | | |

| | | | | |
|---|---|---|---|---|
| ३० | सही नगरिएको मतपत्रको कूल संख्या | | | |
| ३१ | बिग्रिएका/ फिर्ता गरिएका कूल मतपत्रको संख्या | | | |
| ३२ | जम्मा प्रयोग नभएका मतपत्रहरू (प्रश्न नं. २९+३०+३१) | | | |
| ३३ | जम्मा मतदान गरेका मतदाताको संख्या निविदा (Tendered) मतपत्र बाहेक | | | |
| ३४ | कूल निविदा मतपत्र संख्या | | | |
| ३५ | जम्मा खसेका र नखसेका मतपत्रहरूको संख्या यकीन गर्न प्रश्न नं. ३१, ३२, ३३ योग निकाल्नु होस् । | | | |
| ३६. | के प्राप्त कूल मतपत्रको गणना प्रश्न नं. ३४ को योगसँग मिलेको छ ? | | | |

**मतदान प्रक्रियाको समग्र लेखाजोखा**

***निर्देशन:*** *आफूले अनुगमन गरेको केन्द्रमा भएको मतदान प्रक्रियासँग मेल खाने कोठामा (√) लगाउने*

| | |
|---|---|
| ***राम्रो-*** मतदानको बेला कुनैपनि अनियमितता भएन | |
| ***मध्यम-*** अनियमितताका छिटफुट घटना भए | |
| ***नराम्रो-*** अनियमितताका थुप्रै घटना भए जसले निर्वाचन प्रक्रियालाई नै नराम्ररी असर पारे | |
| ***ज्यादै नराम्रो-*** अनियमितताका घटनाहरू प्रशस्त घटे जसले यो केन्द्रको निर्वाचन अर्थहिन छ | |

**मन्तव्य**

***निर्देशन:*** *आफूले अनुगमन गरेको मतदान केन्द्रमा भएका अनियमित/असान्दर्भिक गतिविधि इत्यादिको बारेमा बिस्तृत्रूपमा छुट्टै पानामा लेखी यसैसाथ पठाउनुहोस् ।*

# मतदान केन्द्र अनुगमन फारम भर्ने विधि

## खण्ड-ख

**मतदान केन्द्रको विवरणः** तपाईंले अनुगमन गरिरहेको मतदान केन्द्रका बारेमा जानकारी लिनुहोस् । प्रश्नका जवाफ खेस्रा कागजमा टिपी रूजु गर्नुहोस र फाराममा भर्नुहोस् ।

१. **जिल्ला** : तपाईंले अहिले पर्यवेक्षण गरिरहनु भएको निर्वाचन केन्द्र कुन जिल्लामा पर्छ, उल्लेख गर्ने ।
२. **निर्वाचन क्षेत्र** : तपाईंले अहिले पर्यवेक्षण गरिरहनु भएको निर्वाचन केन्द्र कुन निर्वाचन क्षेत्रमा पर्छ उल्लेख गर्ने ।
३. **गाविस/न.पा.** : तपाईंले पर्यवेक्षण गरिरहनुभएको निर्वाचन क्षेत्र कुन गाविस वा नगरपालिका क्षेत्रभित्रको हो, उल्लेख गर्ने ।
४. **मतदान केन्द्रको नाम** : तपाईंले पर्यवेक्षण गरिरहनु भएको मतदान केन्द्रको नाम लेख्नुहोस् ।
५. **मतदान केन्द्र (बुथ) नम्बर** : तपाईंले पर्यवेक्षण गरिरहनुभएको मतदान केन्द्र (बुथ) को नम्बर लेख्नुहोस् । (एउटा मतदान स्थलमा एकभन्दा बढी मतदान केन्द्र (बुथ) हरू हुनसक्छन् ।)
६. **पर्यवेक्षकको नाम** : तपाईंको आफ्नो नाम लेख्नुहोस् ।
७. **संस्था** : यसमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) लेख्नुहोस् ।
८. **हस्ताक्षर** : तपाईं आफ्नो हस्ताक्षर गर्नुहोस् ।
९. **मतदान केन्द्रका जम्मा मतदाता :** तपाईले अनुगमन गरिरहनुभएको केन्द्रमा कति मतदाता छन् (निर्वाचन आयोगले प्रकाशित गरेको मतदाता नामावली अनुसार) उल्लेख गर्नुहोस् ।

१०. **मतदान केन्द्रमा पठाइएका कूल मतपत्र** : त्यस मतदान केन्द्रमा जिल्ला निर्वाचन कार्यालयले पठाएको कूल मतपत्रको संख्या उल्लेख गर्नुहोस् । पहिलो हुने निर्वाचित हुने समूह र समानुपातिक समूहको मतपत्र संख्या आ-आफ्नो ठाउँमा लेख्नुहोस् ।

११. **मतदाताले मतदान गरेका कूल मतपत्र** : त्यस निर्वाचन केन्द्रमा मतदान समाप्त भइसक्दा कति मत्रपत्रमा मतदान भयो सो कूल संख्या पहिलो हुने निर्वाचित हुने समूह र समानुपातिक समूहको छुट्टाछुट्टै लेख्नुहोस् ।

१२. **बचेका मतपत्र** : मतदान समाप्त भैसकेपछि मतदान नगरी बाँकी रहेका खाली मतपत्रको संख्या (पहिलो हुने निर्वाचित हुने समूह र समानुपातिक समूहको छुट्टाछुट्टै) लेख्नुहोस् ।

## खण्ड-ग

मतदान केन्द्र वरिपरिको वातावरण : (मतदान केन्द्र वरिपरिको वातावरण कम्तिमा तीन पटक, मतदान सुरू हुनु पहिले, मतदान भइरहेको समयमा र मतदान समाप्त भएपछि अनुगमन गर्नुहोस र तलका प्रश्नको जवाफ लेख्नुहोस् । यी प्रश्नका जवाफ भर्नु पहिले खेस्रा कागजमा टिप्नुहोस् र नियोकमा पठाउने फाराम मतदान समाप्त भएपछि मात्र भर्नुहोस् । उपयुक्त कोठामा चिन्ह (√) लगाउनुहोस् )

१. तपाईंले अनुगमन गरिरहेको मतदान केन्द्रमा आउने सबै मतदातालाई पायक पर्ने र सार्वजनिक (कसैको दलगत वा व्यक्तिगत प्रयोजनमा नरहेको) स्थलमा छ वा छैन बुझ्नुहोस् ।

२. त्यस मतदान केन्द्रका वरिपरि निर्वाचनका दिन पनि कुनै दल वा उम्मेदवारको प्रचार सामग्री टाँसिएका छन् वा छैनन् हेर्नुहोस् ।

३. मतदान केन्द्र वरिपरि मतदातालाई प्रभाव पार्ने उद्देश्यले केही गतिविधि भइरहेको छ वा छैन अनुगमन गर्नुहोस् ।

४. पर्यवेक्षकले मतदान केन्द्रमा प्रवेश पाउँछन्, तपाईंलाई मतदान केन्द्रमा प्रवेश गरि पर्यवेक्षण गर्न दिइएको छ वा छैन उपयुक्त कोठामा चिन्ह लगाउनुहोस् ।

५. तपाईंलाई निर्वाचन पर्यवेक्षण गरेका कारणले कसैले धम्क्याउने वा गाली गरे वा गरेको छैन उपयुक्त कोठामा चिन्ह लगाउनुहोस् ।

**मतदान सुरू हुन पहिला : (तपाईं ६:३० बजेसम्ममा मतदान केन्द्रमा पुगिसक्नुपर्नेछ । मतदान कार्य ७ बजे सुरू हुनुपहिला तल लेखिएका क्रियाकलापको अनुगमन गरि फारममा भर्नुहोला ।)**

६. मतदान सुरू हुनुपहिले मतदानका लागि आवश्यक सामग्रीहरू मतदान केन्द्रमा उपलब्ध छन् कि छैनन् अनुगमन गर्नुहोस् ।

७. मतदान सुरू हुनु पहिले मतपेटिका खाली गराएर सार्वजनिक गरी शीलबन्दी गरियो कि गरिएन अनुगमन गर्नुहोस् ।

८. मतदान केन्द्रमा दलका प्रतिनिधि तथा उम्मेदवार वा तिनका प्रतिनिधि उपस्थित छन् कि छैनन् उल्लेख गर्नुहोस् ।

९. मतदान केन्द्र विहान ७ बजे खुल्यो की खुलेन उल्लेख गर्नुहोस् ।

मतदान सुरू भइसकेपछि : (मतदान सुरू भएपछि मतदान अधिकृतको स्वीकृति लिएर मतदान केन्द्र र वरिपरि आवतजावत गर्न सकिन्छ। मतदान केन्द्र भित्र मतदान सुरू भएदेखि समाप्त नभएसम्मका गतिविधि अनुगमन गरी तलका प्रश्नको जवाफ फारममा भर्नुहोला ।)

१०. मतदान सुरू हुँदा मतदान केन्द्रभित्र प्रवेशयोग्य व्यक्ति ( कर्मचारी, दल वा उम्मेदवारका प्रतिनिधि र पर्यवेक्षक) बाहेक अन्य मानिस उपस्थित भए/नभएको अनुगमन गर्नुहोस् ।

११. मतदान केन्द्रमा प्रवेश गर्ने र निस्कने अलग-अलग बाटो बनाइएको छ/छैन अनुगमन गर्नुहोस् ।

१२. मतदाता लाइनमा बसी क्रमैसँग सहजरूपमा मतदान केन्द्रभित्र प्रवेश गर्न पाएका छन्/छैन अनुगमन गर्नुहोस् ।

१३. मतदाताहरूलाई मतपत्र दिनुअघि मतदाता नामावलीमा भएको नाम रूजु गरिएको छ/छैन अनुगमन गर्नुहोस् ।

१४. मतपत्र दिनुअघि सबै मतदाताको बायाँ हातको बुढीऔंलाको नङमा मसी लगाइएको छ/छैन उल्लेख गर्नुहोस् ।

१५. मतदातालाई दिएको मतपत्रमा मतदान अधिकृतको सही छ/छैन अनुगमन गर्नुहोस् ।

१६. मतदान गर्ने (छाप लगाउने) ठाउँ गोप्य छ/छैन अनुगमन गर्नुहोस् ।

१७. मतदातालाई पहिलो हुने निर्वाचित हुने र सूची समानुपातिकको अलग-अगल मतपत्र दिइएको छ/छैन अनुगमन गर्नुहोस् ।

१८. मतदाताले दुवै प्रकारका मतपत्र फरक-फरक मतपेटिकामा खसाएका छन्/छैनन् अनुगमन गर्नुहोस् ।

१९. मतदाता नामावलीमा नाम भएका मतदातालाई मत हाल्नबाट वञ्चित गरिएको छ/छैन अनुगमन गर्नुहोस् ।

२०. एकपटक मत खसाइसकेका मतदाताले दोस्रोपटक पनि मतदान गरेका छन्/छैन अनुगमन गर्नुहोस् ।

२१. निविदा मतपत्र (अर्काको नामबाट मतपत्र लिइसकेको वा मतदान गरिसकेको अवस्थामा पछि मतदान गर्न आउने व्यक्तिले वास्तविक मतदाता स्वयम् नै रहेको कुरा उसले पेश गरेको प्रमाणले देखिन आएमा मतदान अधिकृतले उक्त मतदातालाई दिइने मतपत्र) लाई अलग्गै खाममा राखिएको छ/छैन अनुगमन गर्नुहोस् ।

२२. निविदा मतपत्र मतपेटिकामा हाल्न पाईंदैन, छुट्टै खाममा राख्नु पर्छ, त्यसो गरियो की गरिएन अनुगमन गर्नुहोस् ।

मतदान पश्चात् : साँझ ५ बजे मतदान केन्द्रमा प्रवेश गर्ने बाटो बन्द गर्नु पर्छ । त्यसपछि मतदान केन्द्रमा प्रवेश गर्न पाईंदैन तर त्यस अघि नै मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताले मतदान गर्न पाउँछन् । मतदान समय (५ बजे) पछिको प्रक्रियाको अनुगमन गर्नुहोस् ।

२३. ५ बजे अघि नै मतदान गर्ने लाइन बसेका मतदातालाई मतदान गर्न दिएको छ/छैन अनुगमन गर्नुहोस् ।

२४. मतदान केन्द्र ५ बजे बन्द गरिएको छ/छैन अनुगमन गर्नुहोस् ।

२५. ५ बजेपछि लाइनमा बसेका मतदातालाई मतदान गर्न दिइएको छ/छैन ? अनुगमन गर्नुहोस् ।

२६. मतपेटिका राम्ररी शीलवन्दी गरिएको छ/छैन अनुगमन गर्नुहोस् ।

२७. प्रयोग नभएका मतपत्रहरू गनी छुट्टै खाममा शीलवन्दी गरिराखिएको छ/छैन अनुगमन गर्नुहोस् ।

२८. मतपेटिका बन्द गर्दा मतपत्र खसाल्ने प्वालमा सुरक्षणशील लगाई मुचुल्का खडा गर्नु पर्छ त्यसो गरिएको छ/छैन अनुगमन गर्नुहोस् ।

**मतपत्रको लेखाजोखा : मतदानका लागि मतदान केन्द्रमा लगिएका मतपत्र सबै प्रयोग नहुन पनि सक्छन् । त्यस्ता मतपत्रको लेखाजोखा गर्न तलका प्रक्रियाको अनुगमन गर्नुहोस् ।**

२९. मतदान अधिकृतले सही गरेका तर प्रयोग नगरिएका मतपत्र कति छन् तिनीहरूका बारेमा जानकारी लिनुहोस् ।

३०. सही नगरिएका कूल मतपत्रको संख्या कति छ पत्ता लगाउनुहोस् ।

३१. बिग्रिएका जम्मा मतपत्रको संख्या खोजी गर्नुहोस् ।

३२. प्रयोग नभएका जम्मा मतपत्रहरू (मतपत्रको प्रश्न नं.२९, ३०, ३१) को संख्या हिसाब गर्नुहोस् ।

३३. मतदान गरेका जम्मा मतदाता (निविदा मतपत्र लिने बाहेक) को संख्या उल्लेख गर्नुहोस् ।

३४. जम्मा निविदा मतपत्रको संख्या लेख्नुहोस् ।

३५. खसेका र नखसेका कूल मतपत्रको संख्या यकीन गर्न ३२, ३३ र ३४ नम्बरको योग निकाल्नुहोस् ।

३६. कूल मतपत्रको गणना प्रश्न नं. ३५ को जम्मा मतपत्रको योगसँग मिलेको छ/छैन उल्लेख गर्नुहोस् ।

# सन्दर्भ सामग्रीहरू


१. निर्वाचन आयोग ऐन, २०६३

२. संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४

३. नेपालको अन्तरिम संविधान, २०६३ (संशोधनसहित)

४. Human Rights and Elections (Professional Training Series No. 2), Center for Human Rights, United Nations

५. संविधान निर्माण प्रक्रियामा अन्तरिम संविधान, यश घई

६. नेपालको सन्दर्भमा संविधानसभा: एक संक्षिप्त परिचय (जेठ २०६३), प्रा. कृष्ण खनाल, शान्तिका लागि सहकार्य

७. संविधानसभा: संविधानमा जनताको स्वामित्व र अपनत्व (२०६२), नरहरि आचार्य, संवत्शर प्रकाशन

८. नयाँ संविधानका लागि मार्गचित्र, यश घई तथा जिल कोट्रेल

९. लोकतन्त्रका भाका: संविधानसभाका खाका (२०६३), डा. गोपालकृष्ण सिवाकोटी, इन्हुरेड इन्टरनेशनल

१०. मानव अधिकारको अन्तर्राष्ट्रिय दस्तावेज संग्रह (१९९६), इन्हुरेड इन्टरनेशनल

११. संविधानसभा सदस्य निर्वाचनका विषयमा बरोबर सोधिने प्रश्न र सोको उत्तर २०६४, निर्वाचन आयोग

१२. पर्यवेक्षण सम्बन्धी नीति, २०६३ र संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०६४, निर्वाचन आयोग

१३. निर्वाचन आयोग विद्युतीय अभिलेख (www.election.gov.np)

१४. संविधानसभा निर्वाचन पर्यवेक्षण : प्रशिक्षक प्रशिक्षण निर्देशिका-२०६४, नियोक

१५. नियोक पर्यवेक्षण बुलेका श्रृंखलाहरु ।

# नियोक केन्द्रीय कार्यसमिति

| नाम | पद | मोबाइल नं. | इमेल |
|---|---|---|---|
| सूर्य प्रसाद श्रेष्ठ | अध्यक्ष | ९८५१०२६२८२ | suryapshrestha@hotmail.com |
| प्रा. कपिल श्रेष्ठ | उपाध्यक्ष | ९८५१०१७२७७ | kapil.shrestha6@gmail.com |
| डा. नेत्र तिम्सिना | उपाध्यक्ष | ९८५१०००६३३ | nptimsina@gmail.com |
| गंगा कसजू | उपाध्यक्ष | ९८४१२२७५७३ | ganga@kasajoo.com |
| विष्णुपुकार श्रेष्ठ | उपाध्यक्ष | ९८४१५१०६८२ | himal2005@gmail.com |
| केदार खड्का | उपाध्यक्ष | ९८५१०७२२२५ | kedarkhadka@hotmail.com<br>kedarkhadka11@gmail.com |
| डा. गोपाल कृष्ण सिवाकोटी | महासचिव | ९८५१०३५८७६ | ceasefire_nepal@yahoo.com<br>gopal.nepal@gmail.com |
| शोभा गौतम | उपमहासचिव | ९८५१०४०१६५ | shobha.gautam@gmail.com |
| भवानी प्रसाद खरेल | कोषाध्यक्ष | ९८५१०७७५७० | bhawani.kharel@gmail.com |
| डा. गौरीशंकर लाल दास | सदस्य | ९८०३२५८७४४ | gsl_das@yahoo.com |
| चरण प्रसाइ | सदस्य | ९८५१०४२६८१ | cprasai@gmail.com |
| शान्तलाल मुल्मी | सदस्य | ९८५१०५६३०३ | s_mulmi@yahoo.com |
| स्टेला तामाङ | सदस्य | ९८५१०३०४३७ | reachstella@yahoo.com |
| दुर्गा सोब | सदस्य | ९८५१०८३२३१ | durgasob@hotmail.com<br>durga_sob@yahoo.com |
| तेज सुनार | सदस्य | ९८५१०६७५३९ | tejsunar@hotmail.com,<br>tejsunar@yahoo.com |
| रणबहादुर थेवें | सदस्य | ९८४१२३७१५९ | ran_thebe@yahoo.com<br>rbthebe@yahoo.com |
| सुदर्शन सुवेदी | सदस्य | ९८५१०५९३६० | shudarsons@gmail.com |

# नियोक केन्द्रीय सचिवालय/स्वयंसेवक

| नाम | जिम्मेवारी | मोबाइल नं. | इमेल |
|---|---|---|---|
| डा. गोपाल कृष्ण सिवाकोटी | परियोजना निर्देशक | ९८५१०३५८७६ | ceasefire_nepal@yahoo.com<br>gopal.nepal@gmail.com |
| कृष्ण प्रसाद सुवेदी | प्रकाशन/पर्यवेक्षक व्यवस्थापन | ९८५१०५०६८५ | sudedik@gmail.com |
| स्नेहा पौडेल | लेखा तथा प्रशासन | ९८४१७३५३०६ | sneha.poudyal14@gmail.com |
| ल्हाक्पा लामा | लेखा तथा प्रशासन | ९८०८२१५३०७ | l.hyolmo@gmail.com |
| बिकल श्रेष्ठ | कार्यक्रम अधिकृत | ९८४१४५५५०४ | itisbikal@yahoo.com |
| दीपिका नाइडु | कार्यक्रम अधिकृत | ९८४१३०८८८१ | deepsnaidu@gmail.com |
| गीता बिष्ट | कप्यूटर/जनसम्पर्क | ९८४९८८३१७३ | sangharshi.gb@gmail.com |
| भिम प्रसाद न्यौपाने | कप्यूटर | ९८४९३०३१४६ | bhimu_lover@yahoo.com |
| बिन्दा नेपाली | स्वयंसेवक | ९८१३८९९६२४ | binda.lakhe@gmail.com |
| करुण खरेल | स्वयंसेवक | ४४९२०६० | |
| अजय फुँयाल | स्वयंसेवक | ९८४३१६३१३१ | phuyalajay@yahoo.com |
| रजनी कुँवर, | स्वयंसेवक | ९८४१०१८५४ | kunwarrajnee@gmail.com |
| यज्ञ खत्री | स्वयंसेवक | ९८१८६३९३७५ | yagyakhatri11@gmail.com |
| पार्वती पौडेल | कार्यालय सहयोगी | ९८४९१२१३६७ | |

नियोक-परियोजना सहयोग :

EUROPEAN UNION